# सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैँचा, मोरङ

## आ.व.२०८१/२०८२को अनुमानित आय-व्यय(बजेट) पुस्तिका

**प्रस्तुतः**

**क्याम्पस सञ्चालक समिति**

**सुकुना बहुमुखी क्याम्पस**

सुन्दरहरैँचा, मोरङ

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

**प्रस्तोताः**

**बजेट मस्यौदा समिति**

**सुकुना बहुमुखी क्याम्पस**

सुन्दरहरैँचा, मोरङ

२०८१

## विषयसूची


आव २०८१/०८२ को वार्षिक अनुमिनत आय-व्यय (बजेट) सम्बन्धमा ४

अनुमानित आम्दानी (२०८१/०८२) र त्यसको व्याख्या ६

विद्यार्थी शुल्क आम्दानी ६

अनुदान तथा सहयोग ८

*पुँजीगत अनुदान* ९

*सञ्चालन अनुदान* १०

अन्य आम्दानी १ ०

बैङ्क जिम्मेवारी, पेश्की तथा पाउनु पर्ने १ १

धरौटी आम्दानी ११

अनुमानित खर्च (२०८१/२०८२) र त्यसको व्याख्या ११

पुँजीगत खर्च १ २

सञ्चालन खर्च १ ६

*शिक्षण तथा प्रशासन तलव* १९

*कार्यालय व्यवस्थापन खर्च* २२

*प्रकाशन खर्च* २८

भुक्तानी गर्नुपर्ने दायित्व २ ८

धरौटी खर्च २८

क्याम्पस कोष २ ८

मुद्दति अवस्था २ ९

सुझावहरू २ ९


अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

## तालिका सूची


तालिका १: अनुमानित समष्टिगत आय विवरण(आ.व.२०८१/०८२) ६

तालिका २: अनुमानित विद्यार्थी शुल्क आम्दानी (आ.व.२०८१/०८२) ७

तालिका ३: अनुमानित अनुदान तथा सहयोग (आ.व.२०८१/०८२) ८

तालिका ४: अनुमानित अन्य आम्दानी (आ.व.२०८१/०८२) १०

तालिका ५: बैङ्क जिम्मेवारी, पेश्की तथा पाउनु पर्ने (आ.व.२०८१/०८२) ११

तालिका ६: अनुमानित समष्टिगत खर्च विवरण(आ.व.२०८१/०८२) ११

तालिका ७: अनुमानित पुँजीगत खर्च विवरण(आ.व.२०८१/०८२) १२

तालिका ८: अनुमानित सञ्चालन खर्च (आ.व.२०८१/२०८२) १६

तालिका ९: भुक्तानी दिनुपर्ने दायित्व(आ.व.२०८१/०८२) २८


........................................******..............................................

## अनुसूचीहरू


अनुसूची १: शिक्षक कर्मचारीको तलव स्केल र भत्ता सम्बन्धि विवरण ३१

अनुसूची २: विद्यार्थी शुल्कको समष्टिगत आम्दानी विवरण ३३

अनुसूची ३: शुल्क संरचना ३५

अनुसूची ४: अनुमानित विद्यार्थी सङ्ख्या सम्बन्धि विवरण ४०

अनुसूची ५: धरौटी आम्दानी तथा खर्च सम्बन्धी विवरण ४३

अनुसूची ६: बजेट मस्यौदा समिति गठनको निर्णय ४४

अनुसूची ७: बजेट मस्यौदा समिति २०८१ को निर्णय ४६

अनुसूची ८: सञ्चालक समितिबाट बजेट पारित गरेको निर्णय ५३


अध्यक्ष
क्याम्पस सञ्चालक समिति

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

........................................******..............................................

मितिः २०८१/०५/१३ गते।

श्रीमान् अध्क्षज्यू,
क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष, पदाधिकारीहरू एवम् सदस्यज्यूहरू,
सञ्चालक समितिको बैठकमा आमन्त्रित महानुभावहरू,
क्याम्पस सञ्चालक समिति,
सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा नगरपालिका, मोरङ
स्था. २०४८

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

**विषयः आव २०८१/२०८२ को वार्षिक अनुमानित आय-व्यय (बजेट) सम्बन्धमा।**

प्रस्तुत विषयमा क्याम्पस सञ्चालक समितिको मिति २०८१/०३/२९ गतेको बैठकको निर्णयअनुसार क्याम्पस प्रमुख श्री अर्जुनराज अधिकारीको संयोजकत्वमा ५ सदस्यीय बजेट मस्यौदा समिति गठन गरी क्याम्पसमा उपलब्ध भएका र उपलब्ध हुनसक्ने साधन र स्रोतको पहिचान गरी आ.व. २०८१/२०८२ को अनुमानित आय-व्ययको विवरण सहित बजेट पेस गर्न कार्यादेश प्राप्त भएको छ। अतः क्याम्पस सञ्चालक समितिले दिएको कार्यादेश बमोजिम यस बैठक समक्ष क्याम्पसको आ.व. २०८१/२०८२ को अनुमानित आय-व्ययको विवरण सहित को बजेट मस्यौदा बैठकमा पेस गरिएको छ। पेस गरिएको यस बजेट मस्यौदा उपर गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध छ।

बजेट मस्यौदा समितिले प्रस्तुत बजेट तयार गर्नेक्रममा विगत वर्षहरूमा प्राप्तभएका आम्दानी, आम्दानीका क्षेत्रहरू, खर्चको प्रवृत्ति र खर्चका क्षेत्रहरूको मूल्याङ्कन तथा विश्लेषण गरिएको छ। यस क्रममा विद्यार्थीहरूको विदेश तर्फ पलायन हुने प्रवृत्ति र बिचैमा कक्षा छोड्ने प्रवृत्तिको पनि विश्लेषण गरिएको छ। एकातिर क्याम्पसले विश्वविद्यालय अनुदान आयोग, नेपाल (UGC, Nepal) बाट आवधिक समयको लागि गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance Accreditation – QAA) प्राप्तगरेको एक चक्र पूरा गरिसकेको र दोस्रो पटक QAA नविकरण गर्न स्वअध्ययन प्रतिवेदन पेस गरिसकिएको, सो प्रतिवेदन माथि विभिन्न सुझावहरू प्राप्त भएका, क्याम्पसको अध्ययन, अनुगमन र सुपरिवेक्षणका लागि समकक्षी पुनरावलोकन टोली (Peer Review Team) गठन भई समकक्षी परीक्षणटोलीबाट PRT-visit समेत भइसकेको र प्राप्त सुझावका आधारमा क्याम्पसले Response Report समेत पेस गरिसकेको र QAA सम्बन्धी निर्णयको अन्तिम चरणमा रहेको छ। अर्कातिर क्याम्पसमा विभिन्न शैक्षिक कार्यक्रम, कक्षा र सेक्सन बढ्न गई विद्यार्थी सङ्ख्यामा वृद्धि भइरहेका कारण भौतिक निर्माण, कार्य क्षमता सुधार, गुणस्तर कायम, सूचना तथा सञ्चार प्रविधिमा पहुँच वृद्धि, व्यवस्थापकीय क्षमतामा सुधार, विद्यार्थी कल्याण र यातायात सुविधा जस्ता क्षेत्रहरूमा थप जटिलताहरू थपिदै गइरहेका छन्।

यी सबै अवस्थालाई अध्ययन गरी गत वर्षदेखिनै माध्यमिक तह कार्यक्रमलाई बजेटबाट र २०८१ बैशाखबाट माध्यमिक तह व्यवस्थापन कार्यविधि २०८० तयार गरी क्याम्पसको व्यवस्थापनबाट अलग गरी छुट्टै सञ्चालन गरिएकाले स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूको मात्र गणना गरी क्याम्पसका लागि प्राप्तहुन

सक्ने सम्भावित आम्दानीका आधारमा यस समितिले विभिन्न शीर्षकमा प्राप्तहुने विद्यार्थी शुल्क , विश्वविद्यालय अनुदान आयोग नेपाल , प्रदेश सरकार , सुन्दरहरैँचा नगरपालिका आदिबाट प्राप्तहुने सहयोग तथा अनुदान एवम् गत आर्थिक वर्षको आर्थिक कारोवारबाट बचत रहेको बैङ्क मौज्दातलाई मुख्य आम्दानीको स्रोत मानी यस आ.व. का लागि आम्दानी अनुमान गरिएको छ। आम्दानीका स्रोत र अनुमानित आम्दानीलाई तालिका नं . १ देखि तालिका नं . ५ सम्ममा प्रस्तुत गरिएको छ। त्यसैगरी विश्वविद्यालय अनुदान आयोग नेपाल , त्रिभुवन विश्वविद्यालय, अनुसन्धान प्रतिष्ठानहरू, क्याम्पस परिषद्, अभिभावक, शिक्षक, कर्मचारी र विद्यार्थीहरूका राय सल्लाह र सुझावहरू समेतका आधारमा क्याम्पसको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्ने , अभिभावक तथा विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्ने , शिक्षक तथा कर्मचारीहरूको पेशागत सिप तथा कौशलमा अभिवृद्धि गर्ने , भौतिक निर्माण तथा सुधार गर्ने , शिक्षण सिकाइ कार्यमा नयाँ सूचना, प्रविधि तथा सञ्चारका साधनको उपयोग र शैक्षिक गुणस्तर वृद्धिमा सहयोग पुर्याउने यद्देश्यले यस्ता कार्यमा लाग्ने अनुमानित खर्च विनियोजन गरिएको छ। विनियोजन गरिएका खर्चका क्षेत्र र रकमलाई तालिका नं. ६ देखि तालिका नं. ९ सम्ममा प्रस्तुत गरिएको छ।

यसक्रममा अनुमानित आम्दानी र अनुमानित खर्चको पुष्ट्याईँ गर्न प्रत्येक तालिको व्याख्या गरिएको छ। बजेट मस्यौदा समितिले गरेका निर्णयहरू लिपिवद्ध गरिएका छन्। आम्दानी र खर्चसँग सम्बन्धित कागजातहरू अनुसूची १ देखि ७ सम्म प्रस्तुत गरिएका छन्। सङ्लग्न तालिका र अनुसूचीहरू यस बजेटका महत्वपूर्ण अङ्गका रुपमा रहेका छन्। प्रस्तुत बजेट तयार गर्ने क्रममा सहयोग गर्नुहुने क्याम्पस सञ्चालक समिति , पब्लिक क्याम्पस प्राध्यापक सङ्घ , पब्लिक क्याम्पस कर्मचारी सङ्घ क्याम्पस एकाइ समिति , शिक्षक तथा कर्मचारी वर्गलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आ .व. २०८१/०८२ को अनुमानित आय -व्यय सहितको प्रस्तुत बजेट - मस्यौदा माथि गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध छ।

**बजेट मस्यौदा समिति २०८१/०८२**

१. संयोजकः अर्जुनराज अधिकारी – संयोजक/क्याम्पस प्रमुखः

२. सदस्यः टीकाप्रसाद कट्टेल - प्रतिनिधि, क्याम्पस सञ्चालक समितिः

३. सदस्यः भोलानाथ बजगाईँ - प्रतिनिधि, क्याम्पस सञ्चालक समितिः

४. सदस्यः ध्रुवप्रसाद नेपाल – प्रतिनिधि, पब्लिक क्याम्पस प्राध्यापक सङ्घः

५. सदस्यः गणेशप्रसाद दहाल – सहप्राध्यापक/विषयविज्ञः

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

मितिः २०८१ भाद्र १३ गते।

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

## १. अनुमानित आम्दानी (२०८१/०८२) र त्यसको व्याख्या

### तालिका १: अनुमानित समष्टिगत आय विवरण (आ.व.२०८१/०८२)

| क्र.सं. | बिवरण | आ.व. ०८०।०८१ को अनुमानित | आ.व. ०८०।०८१ को वास्तविक | आ.व. ०८१।०८२ को अनुमानित | प्रतिसत |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी शुल्क आम्दानी | ११३६५७८३०.०० | १०२७२६३५१.०० | १३१३६३०७०.०० | ५९.७६ |
| २ | अन्य आम्दानी | ३५२६००००.०० | २६३८७६९४.७८ | ७२०७००००.०० | ३२.७९ |
| ३ | अघिल्लो वर्षको बचत | २८४२७८४०.१० | १६०२९५५८.९७ | १६३७९५५८.९७ | ७.४५ |
| | | **१७७३४५६७०.१०** | **१४५१४३६०४.७५** | **२१९८१२६२८.९७** | १००.०० |

प्रस्तुत तालिकामा यस सुकुना बहुमुखी क्याम्पसको आ.व. २०८१/०८२ को अनुमानित शुल्क आम्दानी, अन्य अनुदान तथा आय र गत वर्ष क्याम्पस सञ्चालनबाट बचत रहेको रकम उल्लेख गरिएको छ। जसमा तालिका १(१) मा भएको अङ्कले विद्यार्थी शुल्क आम्दानी जनाउँदछ भने तालिका १(२) मा भएको अङ्कले विभिन्न निकाय, तथा स्रोतबाट प्राप्त हुने अनुमानित आयलाई जनाउँदछ। त्यसैगरी तालिका १(३) मा भएको अङ्कले गत आ.व.मा सञ्चालनबाट बचत भएको रकमलाई जनाउँदछ। यसरी आ.व. २०८१/०८२ मा प्राप्त हुने अनुमान गरिएको आम्दानीको ब्याख्या बुँदागत रूपमा निम्नासुसार गरिएको छ।

### (१)विद्यार्थी शुल्क आम्दानी

क्याम्पसको समग्र आयस्रोतको विश्लेषण गर्दा आयस्रोतको ठूलो हिस्सा विद्यार्थी शुल्कबाट प्राप्तहुने देखिन्छ। विद्यार्थी शुल्क आम्दानी शीर्षक अन्तर्गत प्रवेश शुल्क , शिक्षण शुल्क , पुस्तकालय शुल्क , क्याम्पस विकास आय , खेलकुद शुल्क , आन्तरिक परीक्षा शुल्क , अभ्याश शिक्षण तथा प्राक्टिकम शुल्क , प्रयोगशाला शुल्क, प्रयोगात्मक परीक्षा शुल्क, शोधपत्र शुल्क , प्रवेश आवेदन फाराम , प्रमाणपत्र तथा सिफारिस शुल्क , विद्यार्थी कल्याण शुल्क , सरस्वती पूजा सहयोग शुल्क , यातायात सेवा शुल्क , स्वास्थ्य सेवा शुल्क , ननक्रेडिक कोर्स तथा उपचारात्मक कक्षा शुल्क आई . डि . कार्ड एवम् टाईबेल्ट शुल्क र विविध शुल्क जस्ता सहायक शीर्षकहरू पर्दछन्। विद्यार्थी शुल्क आम्दानी शीर्षकबाट आ .व. २०८ १/०८२ मा रु . १३,१३,६३,०७०/- आम्दानी हुने अनुमान गरिएको छ। यो रकम कुल आम्दानीको ५९.७६% हुन आउँछ । विद्यार्थी शुल्क आम्दानीलाई तलको तालिका २ मा प्रस्तुत गरिएको छ। त्यसैगरी तहगत र कक्षागत अनुमानित विद्यार्थी सङ्ख्या र तहगत तथा कक्षागत विद्यार्थी शुल्कको अनुमानित आम्दानीलाई अनुसूची २ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ।

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४६

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

### तालिका २: अनुमानित विद्यार्थी शुल्क आम्दानी (आ.व. २०८१/०८२)

| क.सं. | बिवरण | आ.व. ०८०।०८१ को अनुमानित | आ.व. ०८०।०८१ को वास्तविक | आ.व. ०८१।०८२ को अनुमानित |
|---|---|---|---|---|
| १ | **विद्यार्थी शुल्क** | | | |
| | प्रवेश शुल्क | ५१,०९,५०० | ६२,१९,५०० | ५६,६५,००० |
| | शिक्षण शुल्क | ८,७४,६७,४०० | ७,५७,६५,०३८ | १०,२७,१७,२०० |
| | पुस्तकालय शुल्क | १७,९२,५०० | १८,३७,५५० | १९,८०,००० |
| | क्याम्पस विकास (निर्माण) आय | १५,७८,१०० | १६,०७,२०० | १७,६०,००० |
| | खेलकुद शुल्क | ५,५६,२०० | ५,७२,८०० | ६,२७,००० |
| | विविध शुल्क | ३२,२१,९८० | ३४,३८,५७० | ४४,९९,७७० |
| | आन्तरिक परीक्षा शुल्क | ३१,२५,९०० | २९,०८,५५० | ३०,९६,५०० |
| | अभ्यास शिक्षण /प्राक्टिकम शुल्क | २,९७,५०० | २,२२,८०० | ३,४१,७०० |
| | शोधपत्र | ५,२५,००० | ८,१९,४०० | ५,२५,००० |
| | प्रयोगशाला शुल्क | १७,०४,००० | १८,०५,९०० | १७,८३,००० |
| | प्रयोगात्मक परीक्षा शुल्क | १६,५१,००० | १५,५३,००० | १९,०७,५०० |
| | प्रवेश आवेदन फाराम | ७,०९,००० | ६,९४,५०० | ६,०८,५०० |
| | प्रमाणपत्र/सिफारिस आदि | १०,५०,००० | ८,४७,९०० | १०,५०,००० |
| | सरस्वती पूजा सहयोग | १,५२,४५० | १,५५,८०० | १,७०,५०० |
| | विद्यार्थी कल्याण शुल्क | ९,६८,३०० | ९,७९,६०० | १०,७८,००० |
| | Non Cedit & Remedial Class शुल्क | ३,००,००० | ४५,००० | ३,००,००० |
| | दिक्षान्त समारोह शुल्क | ३,००,००० | ० | ० |
| | आइडि कार्ड, टाई बेल्ट शुल्क | ५,४९,५०० | ४,१२,००० | ४,५१,७०० |
| | यातायात शुल्क | २२,००,००० | २३,४१,९०० | २३,५०,००० |
| | स्वास्थ्य सेवा शुल्क | ३,९९,५०० | ३,९६,६०० | ४,५१,७०० |
| | विलम्व शुल्क (पुस्तकालय) | ० | १,०२,७४३ | ० |
| | **जम्मा विद्यार्थी शुल्क** | **११,३६,५७,८३०** | **१०,२७,२६,३५१** | **१३,१३,६३,०७०** |

माथिको तालिका २ अनुसार गत आ.व. को अनुमानित र यथार्थ आम्दानी भन्दा आ.व.२०८१/०८२ मा विद्यार्थी शुल्क आम्दानी वृद्धिहुने अनुमान गरिएको छ। यसरी विद्यार्थी शुल्क आम्दानी वृद्धि हुनुका मूख्य कारणहरू निम्नानुसार छन्।

**(क)** गत वर्षको भन्दा चालु आ.व. मा कुल विद्यार्थी सङ्ख्याबढ्ने अनुमान गरिएको छ।

**(ख)** यस आ.व. देखि बी.बी.ए. तर्फका सबै सिमेष्टरका कक्षा सञ्चालन हुने छ र प्रथम , द्वितीय, तृतीय, चौथो, पाँचौ र छैटौं सेमिष्टरमा दुईवटा सेक्सन सञ्चालन हुने।

**अर्जुनराज अधिकारी**
**क्याम्पस प्रमुख**

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

**अध्यक्ष**
**क्याम्पस सञ्चालक समिति**

**(ग)** विगत वर्षहरूमा कोभिडका कारण भएको बन्दाबन्दीबाट स्थगन भएका परीक्षाहरूलाई त्रिविले शैक्षिक क्यालेण्डरमा समायोजन गर्दैजाँदा कक्षाहरू खप्टिन गएको ।

**(घ)** वैदेशिक अध्ययनका क्रममा रिकमण्डेसन लेटर लाने विद्यार्थीहरूको भर्ना गरी सिफारिस लाने महिनासम्मको शुल्क भुक्तान गर्नु पर्ने व्यवस्था गरिएको ।

(ङ) विएस्सी, बि.बि.ए. र विआइसिटीमा विद्यार्थी सङ्ख्या कोटा बराबर पुग्ने अनुमान गरिएको ।

(च) त्रि.वि. परीक्षा शुल्क विविध र चारित्रिक प्रमाणपत्र शुल्कमा नयाँ शुल्क कायम गरिएको ।

**(२) अनुदान तथा सहयोग**

अनुदान तथा सहयोगलाई पुंजीगत अनुदान र सञ्चालन अनुदानका रू पमा वर्गिकरण गरिएको छ । विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, भारतीय दुताबास र सुन्दरहरैँचा नगरपालिकाबाट प्राप्तहुने अनुमान गरिएका पूँजिगत रकमलाई यस शीर्षकमा समावेश गरिएको छ । यस शीर्षकबाट निम्नअनुसार आम्दानी हुने अनुमान गरिएको छः

**तालिका ३: अनुमानित अनुदान तथा सहयोग (आ.व.२०८१/०८२)**

| | | | | |
|---|---|---|---|---|
| २.१ | **पूँजीगत अनुदान** | **१८७५००००** | **९५०३४९२.०४** | **४५७५००००** |
| | क. विश्वविद्यालय अनुदान आयोग | ११२५०००० | ९०८३४९२.०४ | ११२५०००० |
| | ख. संघीय सरकार | ० | ० | ० |
| | ग. प्रदेश सरकार | ५०००००० | ४२०००० | ५०००००० |
| | घ. सुन्दरहरैंचा नगरपालिका | २५००००० | ० | १७५००००० |
| | ङ. सु.ह.न.पा. १२ नं. वडा कार्यालय | ० | ० | १५००००० |
| | च. बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | ० | ० | ३५००००० |
| | छ. दाताहरूबाट | ० | ० | २०००००० |
| | ज.अन्य दातृ निकाय भारतीय दुतावास | ० | ० | ५०००००० |
| २.२ | **सञ्चालन अनुदान** | | | |
| | **क. विश्वविद्यालय अनुदान आयोग** | **४९०००००** | **४२७६०००** | **१०६५००००** |
| | i) Regular Grants | २८००००० | २८००००० | ३१००००० |
| | ii) Workshop & Training | ६००००० | २५०००० | २५०००० |
| | iii) Extended Performance & QAA Grants | १५००००० | १२२६००० | २७५०००० |
| | iv) ESP and Digitalization Grants | ० | १५००००० | ४५५०००० |
| | **ख. नेपाल सरकार** | **०** | ० | **०** |
| | **ग. प्रदेश सरकारअनुदान** | **०** | ३८०००० | **५०००००** |
| | **घ. सुन्दरहरैंचा नगरपालिका** | **२५०००००** | ० | **०** |
| | **ङ. अन्य दातृ निकाय** | ० | ० | ० |
| **जम्मा पूँजीगत तथा सञ्चालन अनुदान** | | **२६१५००००** | **१४१५९४९२** | **५६९०००००** |

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख



अध्यक्ष
क्याम्पस सञ्चालक समिति

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

**(क) पुँजीगत अनुदान**

पुँजीगत अनुदान अन्तर्गत गत आर्थिक वर्षहरू (२०७९/०८० र २०८०/०८१) मा विश्वविद्यालय अनुदान आयोग नेपालको अनुदान रकमबाट रङरोगन, वायरिङ र प्लमिङ सहितको तीन/तीन कोठे Block A र Block B एक तले ग्राउण्ड फ्लोरको पक्की भवन निर्माण सम्पन्न भइसकेको छ। उक्त भवनमा हाल बि.बि.एस. र बि.बि.ए. का केही कक्षा हरू सञ्चालन भइरहेका छन्। माथिको तालिका ३ को २ .१ (क) अन्तर्गतको विश्वविद्यालय अनुदान आयोग नेपालबाट प्राप्त हुने अनुदान सहयोग मध्येबाट आ.व.२०८१/०८२ मा अनुदान आयोगको सहयोगमा निर्माण गरिएको Block A र Block B भवनको पहिलो तला (माथिल्लो तला) निर्माण गरिने छ। यस कार्यका लागि २०८१ असार मसान्तसम्ममा विश्वविद्यालय अनसदान आयोग नेपालबाट रु.४७,५०,०००/- प्राप्त भइसकेको छ। आगामी फागुन १५ गतेसम्ममा उक्त भवनको निर्माण सम्पन्न हुनेछ। उक्त भवनको निर्माण का लागि प्राप्त हुने दोस्रो किस्ता रु.५२,५०,०००/- समेत गरी भवन निर्माण तर्फ यस वर्ष जम्मा रु.१,००,००,०००/- प्राप्तहुने अनुमान गरिएको छ। यसका अतिरिक्त कक्षाकोठाहरूलाई प्रविधि मैत्रीरूपमा सञ्चालन गर्ने इन्टरेक्टिभ प्यानल बोर्ड खरिदका लागि विश्वविद्यालय अनुदान आयोग नेपालमा उपकरण खरिद शीर्षकमा प्रस्तावना पेस गरी आगामी असारसम्ममा थप रु. १२,५०,०००/- प्राप्तहुने अनुमान गरिएको छ।

त्यसैगरी पुँजीगत अनुदान अन्तर्गत कोशी प्रदेश सरकार समक्ष प्रस्तावना पेसगरी क्याम्पसका विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई शुद्ध पिउने पानीको थप व्यवस्थापन गर्ने Water Plant निर्माण गर्न रु. ५०,००,०००/- प्राप्तहुने अनुमान गरिएको छ।

क्याम्पसमा प्रत्येक वर्ष विद्यार्थी सङ्ख्या बृद्धि भइरहेको, दिन प्रतिदिन पुस्तकहरूको सङ्ख्या बढिरहेको साथै क्याम्पसका विद्यार्थी बाहेक अन्यत्र क्याम्पस तथा सङ्घ/संस्थाहरूका समेत सेवाग्राहीलाई सुविधा दिनुपर्ने अवस्थाका कारण मौजुदा रहेको पुस्तकालय अपर्याप्त भएको हुँदा सुविधा सम्पन्न नयाँ पुस्तकालय भवन निर्माणका लागि सुन्दरहरैँचा नगरपालिकामा प्रस्तावना पेस गरी रू. १,५०,००,०००/- आम्दानी प्राप्त हुने अनुमान गरिएको छ।

यसका अतिरिक्त स्नातक तहका विद्यार्थीहरूको चारवर्षे अध्ययन र स्नातकोत्तर तहको दुई वर्षे अध्ययन कालमा त्रिविद्वारा निर्धारित क्रेडिट कोर्स वाहेक विद्यार्थीहरूको अतिरिक्त क्षमता विकास गरी श्रम बजारमा उनीहरूको पहुँच विस्तार गर्न वार्षिक रुपमा ४०० जनासम्म विद्यार्थीहरूलाई ननक्रेडिट कोर्स सञ्चालन गर्ने उद्देश्यले कोडिङ, रोवोटिक्स, ए.आइ. तथा क्लासरुम डिजिटलाइजेसन सेटअपका लागि रू. २५,००,०००/- सुन्दरहरैँचा नगरपालिकाबाट तथा मेडिसिनल प्लान्ट सहितको बोटानिकल गार्डेन निर्माणका लागि सुन्दरहरैँचा नगरपालिका १२ नं. वडाबाट रु. १५,००,०००/- गरी सुन्दरहरैँचा नगरपालिकाबाट रू. १,९०,००,०००/- पुँजीगत अनुदान प्राप्त हुने अनुमान गरिएको छ।

त्यसैगरी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा प्रस्तावना पेस गरी सोलार प्यानल जडानका लागि रू. ३५,००,०००/- रकम प्राप्त हुने अनुमान गरिएको छ। यसका अतिरिक्त दाताहरूबाट प्रतिक्षालय निर्माणका लागि रू. २०,००,०००/- प्राप्त हुने अनुमान गरिएको छ।

यसका साथै भारतीय दुताबासमा प्रस्तावना पेस गरी रू. ५०,००,०००/- बराबरको १ थान क्याम्पस बस प्राप्त हुने अनुमान गरिएको छ। यसो गर्दा पुँजीगत अनुदान शीर्षकमा कुल रु. **४,५७,५०,०००/-** अनुदान रकम प्राप्त हुने अनुमान गरिएको छ। यो रकम कुल आम्दानीको **२०.८१** प्रतिशत हुनेछ।

**(ख) सञ्चालन अनुदान**

सञ्चालन अनुदान लाई तालिका ३ को २ .२ मा उल्लेख गरिएको छ । यस अन्तर्गत विश्वविद्यालय अनुदान आयोग नेपालबाट प्राप्त हुने नियमित अनुदान रु. ३१,०० ,०००/-, तालिम तथा कार्यशाला सञ्चालन २,५०,०००/-, Extended Performance Grants (Extended Performance Based Funding-EPBF) QAA Certified Grants वापत २७,५०,०००/- र Entrepreneurship Support Program (उद्यमशीलता सहयोग कार्यक्रम) र Digitalization Grants (यान्त्रिकीकरण अनुदान) वापत प्राप्तहुने अनुमान गरिएको रकम रु. ४५,५०,०००/- गरी विश्वविद्यालय अनुदान आयोग नेपालबाट रु.१,०६,५०,०००/- प्राप्त हुने अनुमान गरिएको छ।

सोहि तालिकाको २ .२ (ग) अन्तर्गत गत यस वर्ष कोशी प्रदेश सरकार बाट सञ्चालन अनुदानका लागि रु. ५,००,०००/- प्राप्त हुने अनुमान गरिएको छ।

यसरी विश्वविद्यालय अनुदान आयोग नेपाल र कोशी प्रदेश सरकारबाट गरी यस वर्ष सञ्चालन अनुदान जम्मा रु. १,११,५०,०००/- प्राप्त हुने अपेक्षा गरिएको छ। यो रकम कुल आम्दानीको **५.०७** प्रतिशत हुनेछ।

**(ग) अन्य आम्दानी**

**तालिका ४: अनुमानित अन्य आय (आ.व.२०८१/०८२)**

| २.३ | **अन्य आय** | आ.व. ०८०।०८१ को अनुमानित | आ.व. ०८०।०८१ को वास्तविक | आ.व. ०८१।०८२ को अनुमानित | |
|---|---|---|---|---|---|
| क | त्रि.वि. परीक्षा सञ्चालन अनुदान | ० | ६,६५,९२४.५ | २०,००,००० | |
| ख | छात्रवृत्तिका लागि दाताबाट | ३,००,००० | ४,२०,००० | ४,२०,००० | |
| ग | अभ्यास शिक्षण पुस्तिका बिक्री, क्यान्टिन भाडा, सामग्रि बिक्री, जर्नल बिक्री आय | १,१०,००० | ६२,००० | १,००,००० | |
| घ | अक्षयकोष ब्याज | ४,५०,००० | ७०,२६,३७८.२४ | ४,००,००० | |
| | बैङ्क व्याज आय | ५६,००,००० | | ५६,००,००० | |
| ङ | चन्दा सहयोग/अक्षयकोष | ६,००,००० | ६,७५,००० | ५०,००,००० | |
| च | विविध आम्दानी | ५०,००० | ५,१९,७०० | ५०,००० | |
| छ | अन्य आय त्रि.वि. परीक्षा, दर्ता समायोजन | २०,००,००० | २८,५९,२०० | १६,००,००० | |
| | **अन्य आम्दानीको जम्मा** | **९१,१०,०००** | **१,२२,२८,२०२.७४** | **१,५१,७०,०००** | |

अन्य आम्दानी अन्तर्गत त्रिविद्वारा सञ्चालित परीक्षा सञ्चालनका लागि दिइने रकम, दाताहरूबाट छात्रवृत्तिका लागि प्राप्तहुने अनुदान , अभ्यास शिक्षण पुस्तिका विक्रि , जर्नल विक्रि, चमेनागृहको भाडा , सामग्री विक्रिबाट प्राप्तहुने रकम , अक्षयकोष तथा बैङ्क व्याज , चन्दा सहयोग, विविध आम्दानी आदिजस्ता रकम

समावेश गरिएका छन्। अन्य आय शीर्षकबाट जम्मा रु. १,५१,७०,०००/- आम्दानी हुने अनुमान गरिएको छ । यो रकम कुल आम्दानीको **६.९०** प्रतिशत हुनेछ।

यसरी हेर्दा अनुदान तथा अन्य आयबाट कुल रू. ७,२०,७०,०००/- प्राप्त हुने अनुमान गरिएको छ। यो रकम कुल आमुदानीको **३२.७९** प्रतिसत हुनेछ।

**(३) बैङ्क जिम्मेवारी, पेश्की तथा पाउनु पर्ने**

तालिका ५: बैङ्क जिम्मेवारी, पेश्की तथा पाउनु पर्ने (आ.व.२०८१/०८२)

| | **विवरण** | आ.व. ०८०।०८१ को अनुमानित | आ.व. ०८०।०८१ को वास्तविक | आ.व. ०८१।०८२ को अनुमानित | **कैफियत** |
|---|---|---|---|---|---|
| क | बैङ्क जिम्मेवारी | २६८०००३०.१ | १५८२८५५८.९७ | १,५८,२८,५५८.९७ | |
| ख | पेस्की जिम्मेवारी | १३,७७,८१० | २,०१,००० | २,०१,००० | |
| ग | दुर्गादेवी दुलाल एकल महिला समाज | २,५०,००० | ० | ३,५०,००० | |
| | **बचत जम्मा** | **२,८४,२७,८४०.१** | **१,६०,२९,५५८.९७** | **१,६३,७९,५५८.९७** | ७.४५% |

उक्त शीर्षक अन्तर्गत आ.व. २०८०/०८१ को अन्त्यमा क्याम्पसको कार्य सञ्चालन खातामा मौज्दात रहेको रकम, फछ्यौंट हुन बाँकी पेश्की तथा क्याम्पसले विभिन्न व्यक्ति तथा सङ्घ संस्थाहरूबाट पाउनुपर्ने रकम समावेश गरिएको छ। यो रकम कुल आम्दानीको **७.४५** प्रतिसत हुनेछ।

**(४) धरौटी आम्दानी**

यस शीर्षक अन्तर्गत त्रि.वि. दर्ता शुल्क, त्रि.वि. परीक्षा शुल्क, सम्बन्धन शुल्क, पुस्तकालय धरौटी, प्रयोगशाला धरौटी र स्व.वि.यु. शुल्क पर्दछन्। यी उपशीर्षकहरूमा यस वर्ष रू. ९४,३९,४३०/- रकम प्राप्त हुने अनुमान गरिएको छ। जसको विवरण अनुसूची ५ मा संलग्न गरिएको छ।

**२. अनुमानित खर्च (२०८१/०८२) र त्यसको व्याख्या**

**तालिका ६: अनुमानित समष्टिगत खर्च विवरण (आ.व.२०८१/०८२)**

| **क.सं.** | **बिवरण** | आ.व. ०८०।०८१ को अनुमानित | आ.व. ०८०।०८१ को वास्तविक | आ.व. ०८१।०८२ को अनुमानित | प्रतिसत |
|---|---|---|---|---|---|
| १ | पूँजीगत खर्च | २७२५००००.०० | १४०३८७०१.०० | ६८०५००००.०० | ३०.९६ |
| २ | सञ्चालन खर्च | १२१८४७६९१.०० | १११२३३८०५.०० | १३७४३११५३.०० | ६२.५२ |
| ३ | दायित्व भुक्तानी | १२९०३१८.०० | १२९०३१८.०० | २६४४२२७.१४ | १.२० |
| ४ | बचत | २६९५७६६१.१० | १८५८०७८०.७५ | ११६८७२४८.८३ | ५.३२ |
| **जम्मा खर्च** | | **१७७३४५६७०.१०** | **१४५१४३६०४.७५** | **२१९८१२६२८.९७** | १००.०० |

तालिका ६ (१) मा उल्लिखित पुँजीगत खर्च शीर्षकअन्तर्गत शिक्षण भवनको पहिलो तला निर्माण, यातायातका साधनको खरिद, फर्निचर खरिद, कार्यालय तथा विद्युतीय उपकरण खरिद, पुस्तक खरिद, वैज्ञानिक

तथा शैक्षिक उपकरण , वैज्ञानिक तथा अन्य प्रकृतिका प्रयोगशाला स्थापना , सञ्चालन तथा स्तरीकरण र अन्य सम्पत्तिको विकास, विस्तार र व्यवस्थापनका लागि रकम विनियोजन गरिएको छ।

तालिका ६ (२) मा उल्लिखित सञ्चालन खर्च शीर्षकअन्तर्गत शिक्षक कर्मचारीको तलव भत्ता , कार्यालय सञ्चालन , आन्तरिक परीक्षा , वृत्ति विकास , योजना निर्माण , तालिम , सेमिनार , गोष्ठी , क्षमता अभिवृद्धिका कार्यक्रम , सामाजिक सेवा कार्यक्रम , विद्यार्थी कल्याण , अतिथि सत्कार , खेलकुद तथा अतिरिक्त क्रियाकलाप र प्रदर्शनी , शैक्षिक तथा अवलोकन भ्रमण , अनुसन्धान र अनुसन्धानको व्यवस्थापन , प्रकाशन , विज्ञापन तथा प्रचार प्रसार , लेखा परीक्षण , परिषद् खर्च , शोधकार्य , पत्रपित्रका , मसलन्द एवम् क्याम्पसमा हुने सालबसाली खर्चहरूका लागि रकम विनियोजन गरिएको छ।

तालिका ६ (३) मा क्याम्पसले अघिल्ला वर्षहरूमा कार्य सम्पन्न गरी कारणवश भुक्तानी हुन नसकेका तथा यस वर्ष भुक्तानी दिनु पर्ने दायीत्वको रकम भुक्तानी दिनुपर्ने शीर्षक अन्तर्गत विनियोजन गरिएको छ।

माथि उल्लिखित तालिका ६(१) (२) र (३) मा खर्च विनियोजन गरी बचत रहेको तालिका ६ (४) को रकमलाई क्याम्पस कोषका रुपमा रहने गरी विनियोजन गरिएको छ।

### १. पुँजीगत खर्च

यस शीर्षक अन्तर्गत क्याम्पसको भौतिक विकास , विस्तार , गुणस्तरमा सुधार, उपकरणहरूको खरिद, प्रयोगशालाहरूको निर्माण तथा स्तरोन्नति अदिका लागि देहाय बमोजिमको रकम विनियोजन गरिएको छः

**तालिका ७: अनुमानित पुँजीगत खर्च विवरण (आ.व.२०८१/०८२)**

| क्र.सं. | बिवरण | आ.व. ०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१को वास्तविक | आ.व. ०८१।०८२ को अनुमानित | खर्च गरिने स्रोत |
|---|---|---|---|---|---|
| **१** | **पूँजीगत खर्च** | **२७२५००००** | **१४०३८७०१** | **६८०५००००** | |
| | भवन निर्माण/पुस्तकालय निर्माण | १२५००००० | १०२२५९९० | ३२६००००० | वि.वि. अनुदान आयोग, नपा र क्याम्पस |
| | सवारी साधन | ५०००००० | ० | ५०००००० | दातृ निकाय |
| | फर्निचर | २०००००० | १००७६३९ | १८००००० | क्याम्पस |
| | कार्यालय तथा विद्युतीय उपकरण | ५५०००० | ५७३८८१ | १५००००० | क्याम्पस |
| | पुस्तक | १३००००० | ७७५४६२ | १०००००० | क्याम्पस |
| | वैज्ञानिक तथा शैक्षिक उपकरण | १२००००० | ६९८२८४ | ५४५०००० | वि.वि. अनुदान आयोग र क्याम्पस |
| | Bio Chemistry Lab/Non Technical Teaching Lab | ५००००० | ० | ५००००० | क्याम्पस |
| | IT/Robotics/AI Lab/ Online Studio Setup | १५००००० | ० | ३५००००० | नगरपालिका, वि.वि. अनुदान आयोग र क्याम्पस |

| | | | | | |
|---|---|---|---|---|---|
| | विज्ञान अनुसन्धान ल्याव निर्माण/विस्तार | ५००००० | ० | ५००००० | दातृ निकाय |
| | पानी तथा विद्युत व्यवस्था | ५००००० | १५९९८ | ८५००००० | क्याम्पस |
| | अनलाइन इ.एम.आइ.एस. जडान | ० | ० | ७००००० | वि.वि. अनुदान आयोग र क्याम्पस |
| | बोटानिकल गार्डेन निर्माण | ० | ० | १५००००० | नपा वडा नं. १२ |
| | अन्य निर्माण | १५००००० | ७२६४६२ | ५०००००० | क्याम्पस |
| | विविध सम्पत्ति | २००००० | १४९८५ | ५००००० | क्याम्पस |

तालिका ७ मा विनियोजन गरिएको रकमलाई देहायबमोजिम खर्च गरिनेछः

**(क) भवन निर्माणः**

भवन निर्माण शीर्षकअन्तर्गत आ.व.२०७८/०७९ मा विश्वविद्यालय अनुदान आयोगबाट रु . १,००,००,०००/- अनुदान प्राप्त भएकोमा साविकको शिक्षण भवनभन्दा पूर्वतर्फ आ.व. २०७९/०८०मा भवन निर्माण सम्पन्न भ ई उक्त योजना फरफारक गर्दा जम्मा रु.९७ ,५९,००४/- रकमबाट रङरोगन, वेयरिङ र प्लमिङ सहितको निर्माण सम्पन्न भएको र बाँकी रकम रू. २,४०,९९६/-आयोगमा फिर्ता गरिएको थियो।

त्यसैगरी आ.व. २०७९/२०८० मा क्याम्पसले आ.व. २०७९/२०८० मा निर्माण सम्पन्न भएको भवनको पूर्वतर्फ भौतिक निर्माण अन्तर्गत बरण्डा , शौचालय, रङरोगन, प्लम्मिङ र विद्युत वेयरिङ सहितको अर्को तीन कोठे भवन निर्माणका लागि विश्वविद्यालय अनुदान आयोग नेपाल बाट रु. ९९,४८,१८१/- प्राप्त भएकोमा आ.व. २०८०/०८१ मा उक्त योजना फरफारक गर्दा जम्मा रु. ९०,८३,४९२/- रकमबाट भवन निर्माण सम्पन्न भएको र बाँकी रकम रू. ८,६४,६८९/- आयोगमा फिर्ता गरिएको थियो।

यसका साथै आ.व. २०८०/२०८१ मा माथि उल्लेख भएअनुसार निर्माण भएको दुई भवनको माथिल्लो तला निर्माणका लागि क्याम्पसले विश्वविद्यालय अनुदान आयोग नेपाल समक्ष भौतिक पूर्वाधार निर्माण अन्तर्गत भवन निर्माण अनुदानका लागि रू. १,७६,००,०००/- बराबरको प्रस्तावना पेस गरेकोमा उक्त प्रस्ताव का लागि अनुदान आयोगबाट रू. १,००,००,०००/- स्वीकृत भइ पहिलो किस्ता रू. ४७,५०,०००/- आ.व. २०८०/२०८१ को वर्षान्तमा प्राप्त भइसकेको छ। उक्त भवन निर्माण कार्यगर्दा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्तहुने भवन निर्माण अनुदान, विश्वविद्यालय अनुदान आयोगबाट प्राप्तहुने नियमित अनुदान र क्याम्पसको आन्तरिक स्रोतबाट रकम व्यवस्थापन गरिनेछ।

यसका अतिरिक्त सुन्दरहरैँचा नगरपालिकाबाट प्राप्त हुने अनुमान गरिएको रू. १,५०,००,०००/- बाट नयाँ पुस्तकालय भवन निर्माण गर्नका लागि रकम विनियोजन गरिएको छ।

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

**(ख) सवारी साधन खरिद**

सवारी साधन शीर्षकअन्तर्गत क्याम्पसले भारतीय राजदुतावास समक्ष सवारी साधन खरिदका लागि प्रस्तावना पेस गरी उक्त स्रोतबाट प्राप्तहुने आम्दानीबाट विद्यार्थीको यातायात सुविधा विस्तारका लागि एक थान बस खरिद गर्न रकम विनियोजन गरिएको छ।

**(ग) फर्निचर निर्माण तथा खरिद**

फर्निचरअन्तर्गत शीर्षकमा क्याम्पसले श्रम बजार उन्मुख कार्यक्रम तथा उद्यमशीलता कार्यक्रम सञ्चालनका लागि विश्वविद्यालय अनुदान आयोगबाट उद्यमशीलता सहायता कार्यक्रम (Entrepreneurship Support Program-ESP) शीर्षकबाट प्राप्त अनुदान उपयोग गरी उद्यमशीलता उष्मायन केन्द्र (Entrepreneurship Incubation Centre) स्थापनाका लागि आवश्यक फर्निचर खरिद तथा निर्माणका लागि रू. १०,००,०००/- र क्याम्पसका बिबिएका कक्षाकोठा, अन्य कक्षाकोठा , कार्यालय तथा पुस्तकालयमा थप गर्नुपर्ने र्याकक र कार्यालयका लागि फर्निचर का साथै "पुराना फर्निचर प्रतिस्थापन योजना २०८० " अनुसार यस वर्ष थप गरिने फर्निचरका लागि क्याम्पसको आन्तरिक स्रोतबाट रू. ८,००,०००/- गरी फर्निचर शीर्षकमा जम्मा रू. १८,००,०००/- रकम विनियोजन गरिएको छ।

**(घ) कार्यालय तथा विद्युतीय उपकरण खरिद**

यस शीर्षकअन्तर्गत उद्यमशीलता सहायता कार्यक्रम सञ्चालनका लागि विश्वविद्यालय अनुदान आयोगबाट उद्यमशीलता सहायता कार्यक्रम (Entrepreneurship Support Program-ESP) अनुदानबाट स्थापना गरिने उद्यमशीलता उष्मायन केन्द्र (Entrepreneurship Incubation Centre) लागि आवश्यक कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा सोसँग सम्बन्धित उपकरणहरू खरिद गर्न रू. ५,००,०००/- र क्याम्पसको आन्तरिक स्रोतबाट बि.बि.ए. का कक्षाकोठा तथा क्याम्पस प्रशासनतर्फ प्रशासकीय प्रमुख, परीक्षा फाँट तथा लेखा फाँटमा ए. सी. जडान तथा प्रशासनिक व्यवस्थापनका लागि आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर र अन्य यन्त्र उपकरण खरिद गर्न रू. १०,००,०००/- रकम विनियोजन गरिएको छ।

**(ङ) पुस्तक खरिद**

यस शीर्षकमा क्याम्पसको आन्तरिक स्रोतबाट **"पुस्तकालय व्यवस्थापनका लागि तयार गरिएको कार्यविधि तथा कार्ययोजना २०८० "** अनुसार सन्दर्भ सामग्री तथा पाठ्यपुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरूको खरिद गर्न रू. १०,००,०००/- रकम विनियोजन गरिएको छ।

**(च) वैज्ञानिक तथा शैक्षिक उपकरण खरिद तथा व्यवस्थापन**

यस शीर्षक अन्तर्गत शिक्षण सिकाइ क्रियाकलापको स्त रोन्नतीका लागि कक्षाकोठहरूमा सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार, शिक्षण कार्यकुशलतामा अभिवृद्धि, शिक्षण विधिमा गुणस्तरको सुनिश्चितताका लागि इन्टरेक्टिभ प्यानल बोर्ड खरिद तथा जडान गर्न आ.व. २०८१/०८२ मा विश्वविद्यालय अनुदान आयोगमा प्रस्तावना पेस गरी प्राप्त हुने अनुदानबाट रू. १२,५०,०००/- र क्याम्पसको आन्तरिक स्रोतबाट रू. २५,००,०००/- रकम विनियोजन गरिएको छ। यसका साथै क्याम्पसको विज्ञान प्रयोगशालामा आवश्यक पर्ने

उपकरणहरू खरिद गर्ने आन्तरिक स्रोतबाट रु.१७,००,०००/- गरी जम्मा रु. ५४,५०,०००/- रकम विनियोजन गरिएको छ।

**(छ) Bio-Chemistry Lab/Non Technical Teaching Lab**

यस बजेट शीर्षकमा विज्ञान विषय र अप्राविधिक विषयका लागि आवश्यक पर्ने प्रयोगशालाको पूर्वाधार तयार गरी प्रयोगशाला सञ्चालन गर्न रू. ५,००,०००/- रकम विनियोजन गरिएको छ।

**(ज) आइटि, रोवोटिक्स एण्ड एआइ ल्याव तथा अनलाइन स्टुडियो सेटअप**

यस शीर्षकअन्तर्गत क्याम्पसमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूका लागि नन-क्रेडिट कोर्स सञ्चालनका लागि डिजिटलाइजेसन, कोडिङ, रोवोटिक्स एण्ड आर्टिफिसियल इन्टेलिजेन्सका विभिन्न कार्यक्रमहरू सञ्चालन गरी रोजगारयुक्त जनशक्ति उत्पादन गर्ने तथा उद्यमशीलता सहायता कार्यक्रम सञ्चालन गरिने छ । उक्त कार्यक्रम सञ्चालनका लागि सुन्दरहरैँचा नगरपालिकामा प्रस्तावना पेस गरी प्राप्त हुने रू २५,००,०००/- अनुदानबाट डिजिटलाइजेसन, कोडिङ, रोवोटिक्स, आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगशाला तयार गर्न तथा Classroom Digitalization (कक्षाकोठा यान्त्रिकीकरण) कार्यक्रमहरू सञ्चालन गरिनेछ।

त्यसैगरी विश्वविद्यालय अनुदानआयोगको डिजिटलाइजेसन अन्तर्गत Standards, Operational Policies and Guidelines for Higher Education Digitalization को परिच्छेद ४ को नियम ४.६ को बुँदा नं. ४०मा उल्लिखित UGC Support to HEIs for Digitaliztion अनुसार अनलाइन स्टुडियो सेटअप, डिजिटल लाइब्रेरीको स्थापना, इ-पुस्तक, अडियो/भिडियो, एनिमेसन, सिमुलेसन, तथा सिकाइ सामग्रीको उत्पादन तथा प्रकाशनका लागि विश्वविद्यालय अनुदान आयोगबाट रू. १०,००,०००/- अनुदान प्राप्त गरी कार्यक्रमहरू सञ्चालन गरिने छ।

**(झ) विज्ञान अनुसन्धान प्रयोगशाला**

यस शीर्षक अन्तर्गत विभिन्न सङ्घ संस्थामा प्रस्तावना पेस गरी प्राप्त हुने अनुदानबाट विज्ञान अध्ययन अनुसन्धान प्रयोगशाला कक्षको स्तरीकरण गर्न रू. ५,००,०००/- रकम विनियोजन गरिएको छ।

**(ञ) पानी तथा विद्धुत व्यवस्था**

यस शीर्षकअन्तर्गत कोशी प्रदेश सरकारबाट प्राप्त हुने अनुदानबाट शुद्ध पीउने पानीका लागि Water Plant जडान गर्न रू . ५०,००,०००/- र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट प्राप्त हुने अनुदानबाट सोलार प्यानल जडानका लागि रू. ३५,००,०००/- रकम वनियोजन गरिएको छ।

**(ट) अनलाइन इएमआइएस जडान**

यस शीर्षकअन्तर्गत सूचना तथा तथ्याङ्कहरूलाई अनलाइनमा आधारित शैक्षिक व्यवस्थापन सूचना प्रणाली ( EMIS) सुव्यवस्थित गर्न विश्वविद्यालय अनुदान आयोग नेपालको डिजिटलाइजेसन कार्यक्रम र क्याम्पस स्रोतबाट गरी रु. ७,००,०००/- रकम विनियोजन गरिएको छ।

**अर्जुनराज अधिकारी**
**क्याम्पस प्रमुख**

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैँचा नगरपालिका, मोरङ स्था. २०४८

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

**(ठ) बोटानिकल गार्डेन निर्माण**

यस बजेट शीर्षक अन्तर्गत सुन्दरहरैँचा नगरपालिका १२ नं. बडा कार्यालयबाट प्राप्त हुने रू. १५,००,०००/- बाट क्याम्पसको गुरूयोजना अनुसार मेडिसिनल प्लान्ट सहितको बोटानिकल गार्डेन निर्माण गर्न रकम विनियोजन गरिएको छ।

**(ड) अन्य निर्माण र विविध सम्पत्तिः**

यस बजेट शीर्षक अन्तर्गत क्याम्पस स्रोतबाट मोटरसाइकल स्टैण्ड, क्याम्पस बसलाई सुरक्षित राख्न बसघरको निर्माण तथा अन्य निर्माण गर्न रू. ३०,००,०००/- र दाताहरूबाट प्राप्त हुने रू. २०,००,०००/- बाट क्याम्पस परिसरमा सुविधासम्पन्न प्रतिक्षालय निर्माण गर्न रकम विनियोजन गरिएको छ।

साथै कक्षाकोठामा विद्युतीय घण्टी व्यवस्थापन गर्न र क्याम्पसलाई आवश्यक पूँजीगत किसिमका विविध सम्पत्ति खरिद गर्न रू. ५,००,०००/- आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी रकम विनियोजन गरिएको छ।

यसरी सबै पूँजिगत खर्चको अंश कुल आम्दानीको ३०.९६ प्रतिसत रहेको छ।

## २. सञ्चालन खर्च

यस बजेट शीर्षकअन्तर्गत शिक्षक कर्मचारीको तलव भत्ता , कार्यालय सञ्चालन र व्यवस्थापन , आन्तरिक परीक्षा, Non credit course and Remedial Class सञ्चालन, शिक्षक कर्मचारीको वृत्ति विकास , उपादान, सामाजिक सुरक्षा, योजना तथा नीतिनिर्माण , तालिम, सेमिनार, गोष्ठी, क्षमता अभिवृद्धिका कार्यक्रम , विभिन्न प्रस्तावना तयारी, सामाजिक सेवा कार्यक्रम, विद्यार्थी कल्याण, विद्यार्थी यातायात, टाइबेल्ट, परिचयपत्र, इन्धन, शैक्षिक तथा अवलोकन भ्रमण, अतिथि सत्कार, छपाइ, खेलकुद तथा अतिरिक्त कृयाकलाप, प्रशासनिक भ्रमण, अनुसन्धान सम्बन्धी खर्च, प्रकाशन, विज्ञापन तथा प्रचार प्रसार , लेखा परीक्षण, परिषद् खर्च, शोधकार्य, पत्रपत्रिका, मसलन्द, सञ्चार, मर्मतसंभार, सरेकारवालाहरूसँगको अन्तर्क्रिया, रोजगर प्रवर्धन सम्बन्धि कार्यक्रम, सूचना प्रणाली व्यवस्थापन , गुनासो व्यवस्थापनका लागि सर्भे , Tracer Study, Graduate Placement, वातावरणीय व्यवस्थापन , उत्सव/समारोह, प्रदर्शनी, भैपरि आउने लगायत क्याम्पसमा हुने सालबसाली खर्चहरूका लागि आवश्यक पर्ने रकम देहाय बमोजिम विनियोजन गरिएको छः

**तालिका ८: अनुमानित सञ्चालन खर्च (आ.व.२०८१/०८२)**

| २.१ | **तलव शिक्षण तथा प्रशासन** | आ.व. ०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | आ.व. ०८१।०८२ को अनुमानित | **खर्च व्यहोरिने स्रोत** |
|---|---|---|---|---|---|
| | | **८,०५,७३,१९०** | **८,१६,१३,३०९.५६** | **८,६०,४५,४९१** | |
| | पूर्णकालीन, अंशकालीन, भत्ता प्रशासनिक, घर बिदा/बिरामी बिदा, सां.सु.कोष थप, सुरक्षा गार्ड, पोशाक खर्च | ८,०५,७३,१९० | ८,१६,१३,३०९.५६ | ८,६०,४५,४९१ | क्याम्पस |
| २.२ | **कार्यालय सञ्चालन खर्च** | **४,०५,७४,५०१** | **२,९३,११,५५१.४४** | **५,०६,८५,६६२** | |
| | परीक्षा संचालन | २७,००,००० | २३,००,१५५ | २७,००,००० | क्याम्पस |

| | | | | | |
|---|---|---|---|---|---|
| | परीक्षा संचालन (त्रि.वि.) | ० | ७,५९,६१९ | १२,००,००० | त्रि.वि. |
| | Non credit and Remedial Class | ६,००,००० | ६५,००० | ६,००,००० | क्याम्पस |
| | फूलबारी तथा सजावट | १,००,००० | २५,२०० | १,००,००० | क्याम्पस |
| | विद्युत तथा पानी | ५,५०,००० | ५,७९,१४९ | ८,५०,००० | क्याम्पस |
| | संचार | २,५०,००० | ३,०४,९९३ | ४,५०,००० | क्याम्पस |
| | मर्मत संभार | १७,००,००० | १९,६९,०१७.४४ | ३०,००,००० | क्याम्पस |
| | औषधि उपचार र प्राथमिक उपचार एकाइ व्यवस्थापन | १,५०,००० | १,०५,९७६ | १,५०,००० | क्याम्पस |
| | यातायात तथा इन्धन खर्च | ३६,००,००० | ४५,५०,४०८ | ५०,००,००० | क्याम्पस |
| | विज्ञापन तथा प्रचार/वडापत्र निर्माण | २,७०,००० | १,५८,६५३ | ३,००,००० | क्याम्पस |
| | बैङ्क चार्ज /व्याज भुक्तानी | १०,००० | ९३२ | १०,००० | क्याम्पस |
| | आर्थिक सहायता चन्दा/निर्माण सहयोग | १५०००० | ६४००० | १,५०,००० | क्याम्पस |
| | बैठक खर्च | ३००००० | २१९७७० | ३,५०,००० | क्याम्पस |
| | सामाजिक सेवा कार्यक्रम | ३,००,००० | ५५,९६८ | ६,००,००० | क्याम्पस |
| | मसलन्द | ४,००,००० | २,९८,२३० | ४,००,००० | क्याम्पस |
| | पत्रपत्रिका | ५०,००० | १८,९०० | ५०,००० | क्याम्पस |
| | भ्रमण खर्च | ६,००,००० | ५,२१,७८० | ६,००,००० | क्याम्पस |
| | थप शै. का. तयारी/प्रस्तावना रणनीतिक योजना, गुरुयोजना र SSR सम्बन्धी खर्च/नीति, नियमको तर्जुमा | २०,००,००० | ७,०१,०४८ | १९,५०,००० | क्याम्पस |
| | उत्सव तथा समारोह/पूजा | ६,५०,००० | ४,१७,११० | ६,५०,००० | क्याम्पस |
| | प्रदर्शनी (Business Expo) तथा स्वास्थ्य शिविर | ० | ८७९४७३ | ७,००,००० | विभिन्न दाताहरू |
| | अतिथि सत्कार | ८,००,००० | ३,३०,६४९ | ५,००,००० | क्याम्पस |
| | ओभरटाइम खर्च (कर्मचारी र शिक्षक) | १,५०,००० | ३,५०९ | ० | क्याम्पस |
| | कार्यालय बिविध खर्च | ४,००,००० | १,८१,३२३ | ४,००,००० | क्याम्पस |
| | छपाई | २,५०,००० | २,१६,२०५ | ३,००,००० | क्याम्पस |
| | विद्यार्थी कल्याण खर्च | २५,००,००० | २५,८४,२५० | २५,००,००० | क्याम्पस |
| | छात्रवृत्ति | ३०,००,००० | ३०,५२,५५० | ३२,००,००० | क्याम्पस र विभिन्न दाताहरू |
| | शैक्षिक सामग्री खर्च | ५,००,००० | २,३३,४२९ | ५,००,००० | क्याम्पस |
| | अभ्यास शिक्षण | ५,००,००० | १,१४,१८१ | ५,००,००० | क्याम्पस |
| | शोधकार्य | ५,००,००० | ६,०५,७५० | ६,००,००० | क्याम्पस |
| | स्व वि यु निर्वाचन | ० | ० | ६,००,००० | क्याम्पस |

| | | | | | |
|---|---|---|---|---|---|
| | टाइवेल्ट तथा परिचयपत्र | ३,००,००० | २,५९,७०३ | ३,००,००० | क्याम्पस |
| | खेलकुद | ६,००,००० | ७,९५,१८७ | ७,५०,००० | क्याम्पस |
| | परिषद खर्च | ५,००,००० | ९७,९७९ | २,००,००० | क्याम्पस |
| | शैक्षिक भ्रमण (विद्यार्थी) | १०,००,००० | ६,६८,९८० | ६,००,००० | क्याम्पस |
| | अवलोकन भ्रमण | | | ९,००,००० | क्याम्पस |
| | वृत्ति विकास (एम फिल र पि एच डी) समेत | १५,००,००० | ० | १५,००,००० | क्याम्पस |
| | लेखा परीक्षण(आन्तरिक) | ७०,००० | | ५०,००० | क्याम्पस |
| | लेखा परीक्षण(प्राज्ञिक) | ५०,००० | २०,००० | ५०,००० | क्याम्पस |
| | लेखा परीक्षण(वाह्य) कर समेत | ७०,००० | | ७०,००० | क्याम्पस |
| | सरोकारवालाहरूसँगको अन्तर्क्रिया | २,००,००० | | २,००,००० | क्याम्पस |
| | पुरस्कार | १,००,००० | ७५,०३६ | १,५०,००० | क्याम्पस |
| | उपदान खर्च | २७,५४,५०१ | ३२,५७,४८४ | ५३,५५,६६२ | क्याम्पस |
| | श्रम बजार उन्मुख कार्यक्रमको पहिचान र कार्यन्वयन, कार्यक्रम थप | १०,००,००० | ० | १०,००,००० | विभिन्न दाताहरू |
| | लैङ्गीक समता अभिवृद्धि कार्यक्रम | २,००,००० | ० | २,००,००० | क्याम्पस |
| | सूचना प्रणालीको व्यवस्थापन, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन (EMIS) सफ्टवेयर/E-Library सदस्यता नविकरण | ५,००,००० | २,२८,१९७ | ५,००,००० | क्याम्पस |
| | मासिक शुल्क छुट (क्याम्पस प्रमुख) | ३,००,००० | १,४७,३३४ | ३,००,००० | क्याम्पस |
| | Tracer Study, Graduate Placement | ४,००,००० | ४५,००० | ४,००,००० | क्याम्पस |
| | वातावरणीय व्यवस्थापन | ५,००,००० | ० | ५,००,००० | क्याम्पस |
| | नवीकरण शुल्क/बीमा शुल्क | १,००,००० | ८९,९८४ | १,००,००० | क्याम्पस |
| | अनुसन्धान खर्च तथा गुनासो व्यवस्थापनकालागि सर्भे | ६४,५०,००० | १०,०३,५३८ | ६९,००,००० | क्याम्पस |
| | तालिम सेमिनार, गोष्ठी, अन्तर्क्रिया, अभिमुखीकरण तथा छलफल, रणनीतिक योजना तर्जुमा तथा अन्तर्राष्ट्रिय सम्मेलन | १०,००,००० | १०,३३,७०२ | १५,००,००० | क्याम्पस र विभिन्न निकाय |
| | कर खर्च (मालपोत/सम्पत्ति कर, राजश्व) | ० | २,७२,२०० | २,५०,००० | क्याम्पस |
| **२.३** | **प्रकाशन खर्च** | **७,००,०००** | **३,०८,९४४** | **७०,००,००** | |
| | क) अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर,बुलेटिन,प्रोस्पेक्टस, परिषद्प्रतिवेदन,सुकुना सन्देश | **७,००,०००** | **३,०८,९४४** | **७,००,०००** | क्याम्पस |
| | **सञ्चालन खर्चको जम्मा** | १२,१८,४७,६९१.०० | ११,०९,२४,८६१.०० | १३,७४,३१,१५३.०० | |

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८



अध्यक्ष
क्याम्पस सञ्चालक समिति

सञ्चालन खर्च बजेट शीर्षक र यसका विभिन्न उपशीर्षकमा उल्लेख गरिएको आ .व.२०८१/०८२ को अनुमानित खर्चको व्याख्या देहायबमोजिम गरिएकोछः

**(१)शिक्षण तथा प्रशासनिक तलव भत्ताः**

यस शीर्षकअन्तर्गत क्याम्पसमा कार्यरत पूर्णकालीन शिक्षक तथा कर्मचारी, कोर्सकरार शिक्षक, अंशकालीन शिक्षक, तिनीहरूको घरविदा तथा विरामी विदा, ग्रेड, सामाजिक सुरक्षा कोष, सुरक्षा गार्ड, स्वीपर-मेतहर, मालीको तलव तथा भत्ता एवम् पारिश्रमिक भुक्तानी गर्दा लाग्ने अनुमानित खर्च विनियोजन गरिएको छ। यस शीर्षकमा रकम विनियोजन गर्दा निम्न नीतिहरू अवलम्वन गरिएको छः

(क) त्रि.वि. तथा नेपाल सरकारले आव २०७९/२०८० मा निर्धारण गरेको तलव स्केलअनुसार तहगत रूपमा शिक्षक तथा कर्मचारीहरूको तलव, भत्ता, विरामी विदा, घरविदा, सामाजिक सुरक्षा, लगायत पारिश्रमिकका लागि आवश्यक रकम विनियोन गरिएको छ। हाल कोर्स करारका समान तहका शिक्षकहरूको पारिश्रमिकमा असमानता रहेको देखिन्छ। एउटै प्रकृतिको सेवाको पारिश्रमिकमा असमानता कायम हुनु उपयुक्त हुँदैन र त्यसलाई न्याय सङ्गत मान्न सकिन्न। त्यसकारण त्यस्तो असमानता हटाउनका लागि हाल कोर्स करारमा न्यूनतम पारिश्रमिक दर भएका शिक्षकहरूको पारिश्रमिकको दर माथिल्ला पारिश्रमिक दर भएका शिक्षकहरूसँग बराबर नभएसम्म माथिल्ला पारिश्रमिक दर भएका कोर्स करार शिक्षकको पारिश्रमिक स्थिर रहने वा बृद्धि नगर्ने नीति लिइएको छ। जसअनुसार बिएस्सी कोर्सकरार, बिएड विज्ञान कोर्सकरार, बिआईसिटिई कोर्सकरार, बिबिए कोर्सकरार र एम एड कोर्सकरारको तलवमानमा वृद्धि गरिएको छैन। भविश्यमा यस्ता कोर्सकरारका सबै शिक्षकहरूको समान पारिश्रमिक दर कायम भइसकेपछि समानता कायम हुने भएकाले त्यस्ता सबै कोर्स करारका शिक्षकहरूको समान दरले पारिश्रमिक दरमा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

(ख) माध्यमिक तह कक्षा ११ र १२ तर्फका शिक्षक तथा कर्मचारीहरूको तलव, भत्ता, शुल्क सहुलियत, छात्रवृत्ती, कार्यालय सञ्चालन, परीक्षा, विज्ञापन तथा प्रचारप्रसार, खेलकुद तथा अतिरिक्त क्रियाकलाप, शैक्षिक भ्रमण, विद्यार्थी यातायात, मसलन्द, विविध खर्च लगायतका कुनै पनि खर्चहरू यस बजेटमा समावेश गरिएको छैन।

(ग) सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूको तहगत वा श्रेणिगत तलव स्केल, भत्ता, ग्रेडदर तथा ग्रेड सङ्ख्या अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ।

(घ) सेमेस्टर कार्यक्रम अन्तर्गत एम. एड., एम. बी. एस., बी. बी. ए. र बी. आई. सी. टी. ई. कार्यक्रममा कार्यरत शिक्षकहरूको पारिश्रमिक अनुसूचि १ मा उल्लेख भएअनुसार हुनेछ।

(ङ) कम्तिमा एक शैक्षिक सत्रमा अंशकालीन भई अध्यापन गरी अविच्छिन्न सेवारत अंशकालीन शिक्षकलाई कोर्सकरार वापत बाह्र महिनामा नबढ्ने गरी तोकिएको पारिश्रमिक भुक्तानी गर्नका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

(च) दुई घण्टीसम्मको कोर्स करारमा कार्यरत शिक्षकहरूले अतिरिक्त कक्षा अध्यापन गर्नु परेमा दुई

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख



सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

घण्टीभन्दा बढि कार्यभारका लागि अन्य कोर्षकरारका शिक्षकले पाउने पारिश्रमिक बराबरको रकम भुक्तनी हुनेगरी रकम विनियोजन गरिएको छ।

(छ) माथि जेसुकै लेखिएको भएता पनि वार्षिक प्रणाली अन्तर्गतका कार्यक्रमहरूका लागि बाह्र महिनाभन्दा बढि र सेमेस्टर प्रणाली अन्तर्गत प्रति सेमेस्टर छ महिनाभन्दा बढिको पारिश्रमिक भुक्तानी गरिने छैन।

(ज) अंशकालीन पिरियड वेसिस शिक्षकहरूका लागि प्रतिघण्टी पारिश्रमिक अनुसूची १ मा उल्लेख भएबमोजिम हुने छ।

(झ) पूर्णकालीन शिक्षकहरूले एउटै सिफ्टमा तोकिएको कार्यभारभन्दा बढि कक्षा अध्यापन गराउनु परेमा प्रति १०० पूर्णाङ्कका लागि र प्रति ५० पूर्णाङ्कका अनुसूची १ मा उल्लेख भएबमोजिमको पारिश्रमिक उपलब्ध गराइने छ।

(ञ) व्यवस्थापन सङ्काय तर्फ विहानी सत्रका पूर्णकालीन शिक्षकको व्यवस्थापन सङ्काय तर्फ विहानी सत्रका पूर्णकालीन शिक्षकहरूको कार्यभार गणनागर्दा सोहीसत्रको एम.बी.एस. कक्षा अध्यापन गरेमा ३ क्रेडिट आवरका लागि दैनिक ० .७५ घण्टी (प्रति क्रेडिट आवरका लागि साप्ताहिक ४ .५ घण्टी) मानिनेछ र तोकिएको बाँकी कार्यभार अन्य कक्षाहरूबाट पूरा गरिनेछ। तर तोकिएको कार्यभार सोहिसत्रको अन्य कक्षाबाट पूरा भई एम.बी.एस. कक्षाहरू अध्यापन गरेमा सेमेस्टर प्रणालीमा अध्यापन गर्ने अन्य शिक्षकसरह साविकको दरमा पारिश्रमिक दिइनेछ। यसो गर्दा अन्य कक्षामा कार्यभार पूरा भइ एम.बि.एस. अध्यापन गर्ने शिक्षकको सो सत्रको कुल कक्षाभार साप्ताहिक २४ घण्टी भन्दा बढी हुनु हुँदैन।

(ट) अध्यापन गर्दै जाँदा निश्चित समयपछि कुनै कक्षा वा विषयको सेक्सन विभाजन भएमा र त्यसरी विभाजित कक्षा वा सेक्सनमा कुनै शिक्षकलाई थप जिम्मेबारी दिनु परेमा जुन महिना देखि सेक्सन विभाजन भएको हो सोहि महिनाबाट उक्त कक्षा वा सेक्सनको स्वभाविक रुपमा कोर्स पूरा हुने समयसम्मको मात्र पारिश्रमिक भुक्तानी गरिनेछ। यसोगर्दा सेक्सन विभाजन हुनुभन्दा अगाडि र स्वभाविक रुपमा कोर्स पूरा हुने समयभन्दा पछिको समयको पारिश्रमिक भुक्तानी गरिने छैन । यस्तो अवस्थामा सेक्सन खुलेपछि कोर्स पूरा हुने समयको मात्र पारिश्रमिक भुक्तान गरिनेछ। यसका लागि सम्बन्धित विभागका विभागीय प्रमुख र सम्बन्धित सत्रका सहायक क्याम्पस प्रमुखले सेक्सन खुलेको मिति, शिक्षणको जिम्मेवारी प्राप्त शिक्षक र निजले सो सेक्सनमा खुद शिक्षण गरेको समयावधिको अभिलेखीकरण गरी पारिश्रमिकको लागि सिफारिस गर्नु पर्नेछ।

(ठ) पूर्णकालीन, कोर्स करार, अंशकालीन करार र अन्य कुनै पनि प्रकृतिका शिक्षकको हाजिरी सिफारिस गर्ने अधिकारीले पठनपाठन शुरु भएको मिति तथा समय, कक्षा, पूर्णाङ्क वा क्रेडिट आवर, सेक्सन विभाजन वा कक्षा थप भएको समय, कक्षाभार, शिक्षकको हाजिरी, पठनपाठन भएको दिन, अनुपस्थित दिन र स्वभाविक रुपमा कोर्स पूरा भएको महिना र दिन सहितको विवरण स्पस्ट खुल्ने गरी सिफारिस गर्नु पर्नेछ। यस्तो सिफारिस विना तलव भत्ता निकाशा गरिने छैन।

(ड) पूर्णकालीन वा अस्थायी वा स्थायी शिक्षकले तोकिएको कार्यभार वा कक्षा वा विषयको शिक्षण गर्न असमर्थ भएमा वा कक्षा लिन मञ्जुर नगरेमा वा तयार नभएमा वा क्याम्पसले कक्षाभार पुर्याउन नसकेमा क्याम्पस विधान २०७७ को दफा ६६ उपदफा (२) अनुसार त्यस्ता शिक्षकहरूले खाईपाई आएको मासिक तलवभत्तालाई न्युनतम कक्षा लिनका लागि तोकिएको कक्षाभारले भाग गरी प्राप्तहुने भागफल बराबर प्रतिघण्टीका दरले पारिश्रमिक भुक्तान गरिनेछ।

(ढ) पाठ्यक्रमले तोकेको समय-पाठ्यभारलाई आधार मानी क्याम्पसले कुनै पनि तह वा विषय वा कक्षा वा सेक्सनको पठनपाठन शुरुहुने मिति र पठनपाठन अन्त्य हुने मिति वा पाठ्यक्रमले तोकेको शिक्षण गर्नुपर्ने स्वभाविक समयावधि निर्धारण गरी प्रत्येक सङ्काय, विभाग, कार्यक्रम, सङ्काय प्रमुख, विभागीय प्रमुख र शिक्षकलाई कक्षा सञ्चालन हुनु अगावै औपचारिक जानकारी वा सूचना गर्नेछ। यसरी निर्धारण गरिएको शिक्षण गर्नुपर्ने भनी तोकिएको स्वभाविक समयावधि अगावै अस्वभाविक ढङ्गले कुनै पनि शिक्षकले कोर्स पूरा गर्न पाइने छैन। तोकिएको समयभन्दा अगावै अस्वभाविक ढङ्गले कोर्स पूरा गरेमा वा गरेको पाइएमा त्यस्ता शिक्षकहरूलाई क्याम्पस पदाधिकारी समितको बैठकले त्यस्ता शिक्षकका लागि निश्चित नियम र सिमा निर्धारण गरी सो नियमका आधारमा पारिश्रमिक कट्टा गरी गराई मूल्याङ्कनको आधार बनाउनु पर्नेछ।

(ण) स्नातक तहमा कुनै कक्षा वा विषयमा १० जनाभन्दा कम विद्यार्थी भएमा १–५ जनासम्म विद्यार्थी सङ्ख्या भएमा प्रति १०० पूर्णाङ्क वा ३ क्रेडिट आवारका लागि ०.२५ घण्टी (साप्ताहिक १.५० घण्टि कार्यभार), ६–९ जनासम्म विद्यार्थी सङ्ख्या भएमा प्रति १०० पूर्णाङ्क वा ३ क्रेडिट आवारका लागि ०.५० घण्टी (साप्ताहिक ३ घण्टि कार्यभार) मात्र गणना हुनेगरी पारिश्रमिक भुक्तानी गरिने छ। यस प्रयोजनका लागि विद्यार्थी सङ्ख्याको गणना गर्दा प्रथम वर्ष वा प्रथम सिमेस्टरका हकमा त्रिवि रजिष्ट्रेसन दर्ता भएको सङ्ख्या र सोभन्दा पछिका वर्ष र सिमेस्टरका हकमा अघिल्लो कक्षाको त्रिवि परीक्षा फाराम भरेको विद्यार्थी सङ्ख्यालाई आधार मानिने छ। कार्यभार समायोजनको यस विधिलाई स्वीकार नगरेमा माथिको बुँदा नं. (ड) आकर्षित हुनेछ।

(त) स्नातकोत्तर तह एम.एड. र एम.बि.एस. तर्फ कुनै कक्षा वा विषयमा १० जनाभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्रिवि परीक्षा फाराम भर्ने विद्यार्थी सङ्ख्यालाई आधार मानी त्यस्ता विद्यार्थीहरूबाट प्राप्त भएको शुल्क बराबरको रकम दामासायीले ती विषयका शिक्षकहरूलाई पारिश्रमिक भुक्तानी गरिने छ।

(थ) क्याम्पस प्रमुख , सहायक क्याम्पस प्रमुख , कार्यक्रम संयोजक , कार्यक्रम निर्देशक , विभागीय प्रमुख , बी.आई.सी.टी.ई. फोकल पर्सन , प्रशासन प्रमुख , लेखा प्रमुख र विश्वविद्यालय अनुदान आयोगको QAA तथा NEHEP का फोकल पर्सनको भत्ता आर्थिक प्रशासन सम्बन्धी नियमावली २०८० मा उल्लेख भएअनुसार हुनेछ।

(द) माथि जुनसुकै कुरा लेखिएको भएता पनि सामान्यतया कुनै शिक्षकलाई एउटै सिफ्टमा चार घण्टी भन्दा बढि वा ४०० पूर्णाङ्क वा १५ क्रेडिट आवर भन्दा बढि कार्यभार तोकिने छैन। तर कारणवस तत्काल

अर्को जनशक्ति व्यवस्था गर्न नसकिएमा वा तत्काल अर्को जनशक्ति नपाइएमा विषय मिल्ने वहाल रहेका शिक्षकलाई अल्पकालका लागि १०० पूर्णाङ्कसम्म कक्षाभार थप गरिनेछ र यस अवस्थामा पाँचौं विषयका लागि अंशकालीन पिरियड वेसिसका शिक्षकको पारिश्रमिक बराबर मात्र हुने गरी पारिश्रमिक भुक्तानी गरिनेछ।

(ध) तोकिएको खर्चको सिमाभित्र रही पूर्णकालीन कर्मचारीहरूका लागि तोकिएको पोशाक खर्चका लागि प्रतिव्यक्ति वार्षिक रू. ८,०००/- का दरले रकम विनियोजन गरिएको छ।

## (२) कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च

यस बजेट उपशीर्षक अन्तर्गतका विभिन्न शीर्षकहरूमा हुने खर्चहरूको विवरण तालिका ८ (२.२) बाट नै स्पस्ट हुने छ। यसमा थप स्पस्ट पार्नुपर्ने उपशीर्षक र रकमको व्याख्या देहायबमोजिम गरिएको छः

(क) परीक्षा सञ्चालन अन्तर्गत क्याम्पसको शैक्षिक कार्यपात्रोमा उल्लेख गरिएको समयमा अध्ययनरत विद्यार्थीहरूको आन्तरिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र पृष्ठपोषणका लागि लाग्ने खर्च एवम् नियमानुसार सेमेष्टर प्रणालीको आन्तरिक परीक्षा खर्च समेत समावेश गरिएको छ।

त्यसैगरी त्रि.वि.द्वारा सञ्चालन गरिने वार्षिक तथा सत्रान्त परीक्षा सञ्चालनका क्रममा हुने केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी, सुरक्षाकर्मी तथा प्रश्नपत्र तथा उत्तरपुस्तिका ढुवानीसमेतका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

(ख) नन् –क्रेडिट कोर्स तथा रिमेडियल क्लास बजेट उपशीर्षक अन्तर्गत क्याम्पसमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूको प्राज्ञिक ज्ञानका अतिरिक्त अन्य व्यवहारिक ज्ञान र सीपको विकास, उद्यमशीलताको भावना विकास गर्नका साथै रोजगारयुक्त जनशक्ति उत्पादनका लागि निर्धारण गरिएको Non-credit Course को कार्यान्वयनका लागि विद्यार्थीहरूको समेत लागत सहभागितामा कार्यक्रम सञ्चालन र प्रमाणीकरण गर्न लाग्ने खर्च समावेश गरिएको छ। यसका साथै सिकाइमा कमजोर विद्यार्थीहरूका लागि उपचारात्मक कक्षा (Remedial Clases) सञ्चालन गर्दा लाग्ने खर्च समेत समावेश गरिएको छ।

(ग) विद्युत तथा पानी महशुलमा क्याम्पसको नाममा जडान भएका विद्युत तथा खानेपानीको मिटरमा प्रत्येक महिनामा हुने रिडिङबाट देखिने शुल्क तिर्न लाग्ने अनुमानित रकम यस उपशीर्षकमा समावेश गरिएको छ।

(घ) सञ्चार खर्च अन्तर्गत क्याम्पसका नाममा जडान भएका दुई थान ल्याण्डलाइन फोन, क्याम्पस प्रमुख लगायत आर्थिक प्रशासन नियमावलीमा व्यवस्था भएका व्यक्तिहरूका लागि मोवाइल फोनमा तोकिएको रकम, क्याम्पसले समय समयमा विद्यार्थी भर्नाका लागि सञ्चालन गर्ने अभियानका क्रममा तोकिएका व्यक्तिहरूलाई मोवाइल फोनमा गरिदिने रिचार्ज तथा क्याम्पसको इन्टरनेटको विल भुक्तानीका लागि आवश्यक पर्ने अनुमानित रकम यस उपशीर्षकमा विनियोजन गरिएको छ।

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख



सुन्दरहरैंचा बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

(ङ) मर्मत सम्भार खर्च अन्तर्गत क्याम्पसका झ्यालढोका, डेक्सबेञ्च, भवन, कक्षाकोठामा भएका टुटफूट एवम् इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सामग्री आदिको पुनर्व्यावस्थापन र पुनर्निमाणका लागि लाग्ने खर्च समावेश गरिएको छ। यसकासाथै यस वर्ष क्याम्पसको प्रशासनिक तथा शिक्षण भवनको छाना तथा सिलिङ मर्मतका लागिसमेत रकम विनियोजन गर्नुपरेकाले साविकमा भन्दा बढी रकम विनियोजन गरिएको छ।

(च) यतातयात तथा इन्धन बजेट उपशीर्षक अन्तर्गत क्याम्पसले विद्यार्थीका लागि सञ्चालन गरेको बससेवाको भाडा वा सम्झौताअनुसारको यातायातका लागि लाग्ने खर्च र क्याम्पस बस तथा जेनेरेटर तथा घाँसकाट्ने मेसिनमा लाग्ने इन्धनको रकम समावेश गरिएको छ।

(छ) विज्ञापन खर्च अन्तर्गत क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रचार-प्रसार, विज्ञापन तथा डकुमेण्ट्रि निर्माण र बडापत्र सुधारका लागि लाग्ने खर्च समावेश गरिएको छ।

(ज) बैठक खर्च अन्तर्गत क्याम्पसमा आयोजना हुने सञ्चालक समितिको बैठक, विभिन्न समिति तथा उपसमितिका बैठकहरूमा चिया, खाजा, खाना तथा अन्य व्यवस्थापन खर्चका लागि आवश्यक अनुमानित रकम समावेश गरीएको छ।

(झ) सामाजिक सेवा कार्यक्रम अन्तर्गत समुदायसँग क्याम्पसको पहुँच विस्तार, क्याम्पसको प्रचारप्रसार, पहिचान कायम र सामाजिक सेवामा योगदान पुर्याउनका लागि स्वास्थ्य प्रतिष्ठानहरू सँग समन्वय र सहकार्यमा स्वास्थ्य शिवीर जस्ता कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक पर्ने अनुमानित रकम समावेश गरिएको छ।

(ञ) भ्रमण खर्च अन्तर्गत क्याम्पसको प्रशासनिक कार्यका लागि आवश्यक स्थान र क्षेत्रमा गरिने खर्चका लागि अनुमानित बजेट समावेश गरिएको छ।

(ट) थप शैक्षिक कार्यक्रमको तयारी, विभिन्न विषयका प्रस्तावना तयारी, रणनीतिक योजनामा समसामयीक सुधार, गुरु योजनाको परिमार्जन, क्याम्पसका लागि आवश्यक पर्ने नीति, कार्यक्रम, कार्यविधि, निर्देशिका एवम् कार्यविधि र विनियम तर्जुमा तथा परिमार्जन, QAA को प्रक्रिया पूरागर्न एवम् तिनीहरूको अभिलेखीकरणका लागि आवश्यक पर्ने रकम समावेश गरिएको छ।

(ठ) उत्सव तथा समारोह/पूजा बजेट उपशीर्षक अन्तर्गत क्याम्पसमा आयोजना हुने/गरिने विभिन्न कक्षा र तहका विद्यार्थीहरूको स्वागत, बिदाई, सरस्वती पूजा, विभिन्न चाडपर्वका अवसरमा हुने खर्च तथा उत्सवका रूपमा क्याम्पसले आयोजना गर्ने कार्यहरूका लागि अनुमानित रकम विनियोजन गरिएको छ।

(ड) प्रदर्शनी उपशीर्षक अन्तर्गत क्याम्पसमा विभिन्न विभाग र एकाइले आयेजना गर्ने कृषि प्रदर्शनी, पुस्तक प्रदर्शनी, Science Exhibition, IT Exhibition, Business Expo, रोजगार मेला जस्ता कार्यक्रमका लागि आवश्यक अनुमानित रकम विनियोजन गरिएको छ। तर यस्ता प्रदर्शनीहरू आयोजना गर्नुपूर्व उक्त कार्यक्रम आयोजना गर्ने विभाग वा एकाइले सोका लागि आवश्यक पर्ने स्रोत वाह्य क्षेत्रबाट प्राप्त हुने सुनिश्चत भएपछि मात्र कार्यक्रम आयोजना गर्न अनुमति दिइने छ।

(ढ) विद्यार्थी कल्याण अन्तर्गत क्याम्पसको नियमअनुसार यस क्याम्पसमा अध्ययनरत स्नातक तथा स्नातकोत्तर तहका गरिव तथा जेहेन्दार विद्यार्थीहरूलाई प्रदान गरिने शुल्क सहुलियत (Student Freeship) का लागि आवश्यक पर्ने अनुमानित रकम विनियोजन गरिएको छ।

(ण) छात्रवृत्ति अन्तर्गत क्याम्पसमा अध्ययनरत प्राप्ताङ्कमा उत्कृष्टता हासिल गर्ने, जेहेन्दार र नियमित विद्यार्थीहरूलाई छात्रवृत्ति कार्यविधिले तोकेका मापदण्ड र निर्धारित विधिका आधारमा दाताहरूबाट प्राप्त भएको रकम, अक्षयकोषको व्याज, विभिन्न सङ्घ/संस्थाबाट प्राप्त हुने अनुदान र क्याम्पस कोषबाट समेत छात्रवृत्ति (Scholarship) प्रदान गर्न आवश्यक पर्ने अनुमानित रकम विनियोजन गरिएकोछ।

(त) अभ्यास शिक्षण बजेट उपशीर्षक अन्तर्गत शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत अभ्यास शिक्षण गर्ने विद्यार्थीहरूको अभ्यास शिक्षण कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि लाग्ने रकम समावेश गरिएको छ।

(थ) शोधकार्य शीर्षकमा स्नातकोत्तर तहका विद्यार्थीहरूले गर्ने शोधकार्य र डिजर्टेसन सञ्चालन र व्यवस्थापनका लागि रकम विनियोजन गरिएको छ।

(द) स्व.वि.यु. निर्वाचन खर्च बजेट उपशीर्षकअन्तर्गत त्रि.वि. ले निर्धारण गरेको मितिमा गरिने स्व.वि.यु. निर्वाचन सम्पन्न गर्न आवश्यक अनुमानित रकम विनियोजन गरिएको छ।

(ध) खेलकुद शीर्षक अन्तर्गत क्याम्पसले विद्यार्थीहरूका लागि आयोजना गर्ने अतिरिक्त क्रियाकलाप, क्याम्पसका विद्यार्थीहरू सहभागि हुने खेलकुद कार्यक्रम तथा खेलकुद तथा अतिरिक्त क्रियाकलाप सामग्री खरिद तथा सो सम्बन्धी कार्यक्रमको व्यवस्थापन र सञ्चालनका लागि अनुमानित रकम विनियोजन गरिएको छ।

(न) शैक्षिक तथा अवलोकन भ्रमण शीर्षक अन्तर्गत विभिन्न कक्षाका विद्यार्थीहरूको पाठ्यक्रमले तोकेको शैक्षिक भ्रमणका लागि भ्रमणको आवश्यकता, औचित्य, महत्त्व र सम्भावित उपलब्धिको मूल्याङ्कनका आधारमा अधिकतम रु. ६,००,००००/- सम्म र सञ्चालक समिति,लेखा समित, पुनरावेदन समिति, क्याम्पस प्रशासन, विभागिय प्रमुख, शिक्षक तथा कर्मचारीको प्रतिनिधित्व हुनेगरी अवलोकन भ्रमण गर्नका लागि रु. ९,००,०००/- सम्मको अवलोकन भ्रमण गर्नेगरी रकम विनियोजन गरिएको छ।

(प) वृत्ति विकास अन्तर्गत शिक्षक तथा कर्मचारीहरूको उच्चशिक्षा अध्ययन र क्षमता विकासका लागि देहायअनुसारका कार्य गर्न आवश्यक रकम विनियोजन गरिएको छः

(अ) क्याम्पस विधान २०७७ ले तोकेबमोजिम शिक्षक तथा कर्मचारीहरूका लागि एम.फिल. तथा विद्यावारिधिको अध्ययन कार्यमा प्रोत्साहन गर्न।

(आ) यस क्याम्पसमा कार्यरत कर्मचारीहरू मध्येबाट यस क्याम्पसको स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गर्न चाहेमा यस वर्ष बढिमा चार जना कर्मचारीहरूलाई तोकिएको प्राज्ञिक शैक्षिक सत्रसम्मको अध्ययन गर्न रजिष्ट्रेसन शुल्क, आन्तरिक तथा वाह्य परीक्षा शुल्क र प्रमाणपत्र शुल्क

वाहेका अन्य सबै शुल्क बराबरको रकम छात्रवृत्ति दिने । यसका लागि क्याम्पसले कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(इ) शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, सेमिनार, गोष्ठि, कार्यशाला, सम्मेलन, प्रदर्शनी, प्रवोधिकरण, नवप्रवर्तन गर्न, त्यस्ता कार्यक्रममा सहभागी गराउन र विशेषज्ञता प्रस्तुत गर्न/गराउन प्रोत्साहन गर्ने ।

(फ) श्रवबजार उन्मुख कार्यक्रमको पहिचान र सञ्चालनको पूर्वाधारको तयारी र यस सँग सम्बन्धित तालिमका लागि विभिन्न सहयोगी सङ्घ/संस्थाहरूसँग प्रस्तावना पेस गरी त्यस्ता कार्यक्रम सञ्चालन गर्न लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

(ब) सूचना प्रणालीको व्यवस्थापन तथा नविकरण शीर्षक अन्तर्गत क्याम्पसमा सूचना प्रणाली वस्थापन गर्न, सफ्टवेयर र इ- लाइब्रेरीको नविकरण तथा सफ्टवेयरमा डाटा इन्ट्रीका लागि रकम विनियोजन गरिएको छ ।

(भ) अनुसन्धान खर्च अन्तर्गत अनुसन्धान व्यवस्थापन एकाइमार्फत शिक्षक, कर्मचारी र विद्यार्थीहरूको अनुसन्धानात्मक क्षमता अभिवृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्न र अनुसन्धान संस्कृतिको विकास गर्न देहायबमोजिमका अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन गर्नेगरी रु. ६९,००,०००/- रकम विनियोजन गरिएकोछ । यो रकम अनुमानित कुल सञ्चालन खर्चको **५.०२** प्रतिसत हुने छ ।

i. अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूमध्येबाट एकाइको निर्देशिका/कार्यविधिले तोकेका शर्तहरू पूरा हुनेगरी पेस भएका अनुसन्धान प्रस्तावनाको मूल्याङ्कन, बस्तुनिष्ठता, समसामयीकता र उत्कृष्टताका आधारमा छनोट भएका र २०८० कार्तिक महिना सम्झौता गरिएका प्रति लघुअनुसन्धानका लागि रु. ४५,०००/- का दरले र सो पछि सम्झौता गरिएका प्रति लघुअनुसन्धानका लागि रु. ४८,०००/- का दरले अनुसन्धान प्रोत्साहन अनुदान उपलब्ध गराउँदा लाग्ने रकम विनियोजन गरिएको छ ।

ii. क्याम्पस विधान २०७७, विस्तृत कार्य व्यवस्था सञ्चालन निर्देशिका २०७६ र अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८ अधिनमा रही अनुसन्धान व्यवस्थापन एकाइको अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ को नियम ५ र नियम १० अनुसार सहकार्यात्मक अनुसन्धान (Collaborative Research) परियोजना सञ्चालन गर्न लाग्ने रकम विनियोजन गरिएको छ ।

iii. सहकार्यात्मक तथा लघु अनुसन्धानका लागि विशेषज्ञ सेवा, अनुसन्धान सहजीकरण, अभिलेखीकरण र व्यवस्थापकीय कार्यका लागि लाग्ने खर्च यसै शीर्षकमा समावेस गरिएको छ । जसअनुसार वाह्य विशेषज्ञका लागि प्रति अनुसन्धान रु. ६,५००/- र सहजिकरणका लागि प्रति अनुसन्धान रु.२,०००/- रकम विनियोजन गरिएको छ ।

iv. क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई अनुसन्धानमूलक जर्नल आर्टिकल लेखनमा प्रोत्साहन गर्न अन्तर्राष्ट्रिय स्तरका जर्नल आर्टिकल लेखन तथा प्रकाशन गर्ने शिक्षक कर्मचारीहरूलाई

प्रतिलेख रु. २५,०००/-, राष्ट्रिय स्तरका जर्नल आर्टिकल लेखन र प्रकाशनका लागि प्रति लेख रु. १०,०००/-, अन्य कुनै क्याम्पस वा प्रतिष्ठान/ अनुसन्धान केन्द्र/ निकाय र यस क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) बाट प्रकाशन हुने विज्ञ समिक्षीत जर्नलमा आर्टिकल लेखन वापत प्रति आर्टिकल रु. ६,०००/-लेखक प्रोत्साहन रकम भुक्तानी गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

v. भाषिक, साहित्यीक, राजनीतिक, आर्थिक, दार्शनिक, शैद्धान्तिक, लैङ्गीकसमता, रैथाने विषय, समसामयीक विषयबस्तु र पाठ्यक्रमले तोकेका गहनतम विषयबस्तु तथा मुद्दा जस्ता बहुविषयक क्षेत्रहरू समेट्ने गरी अनुसन्धानमा आधारित लेखहरू समावेश भएको *"Academic Handbook of Sukuna"* नामको सम्पादित पुस्तकको लेखन र प्रकाशनका लागि लाग्ने रकम यसै शीर्षकमा समावेश गरिएको छ। यसका लागि अनुसन्धान व्यवस्थापन एकाइले आवश्यक कार्यक्रम सञ्चालन गर्नेछ। यस्तो सम्पादित पुस्तकका लेखहरू विज्ञ समिक्षीत हुनेछन्। यस्तो अनुसन्धानमूलक पुस्तक/ कम्पेन्डियम/हेण्डबुकको लेखकका लागि प्रतिलेख रु. ६,०००/- का दरले लेखक प्रोत्साहन रकम भुक्तानी गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

vi. क्याम्पस सँग सम्बन्धित विषयमा समूदाय, अभिभावक, विद्यार्थी र सरोकारवालाहरूबाट पृष्ठपोषण लिने /दिने उद्देश्यले शिक्षक तथा कर्मचारीहरूले गर्ने सर्भे कार्यक्रमका लागि प्रतिसर्भे प्रतिवेदन रु. १५,०००/- का दरले अनुसन्धान सहायता उपलब्ध गराउन रकम विनियोजन गरिएको छ।

vii. क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) बाट प्रकाशन हुने विज्ञ समिक्षीत विशेषाङ्क वा अन्तरविषयक जर्नल प्रकाशनको व्यवस्थापन, सम्पादन, परिमार्जन, प्राविधिक पक्ष र विशेषज्ञ तथा अभिलेखीकरण आदिका लागि लाग्ने खर्चका विषयमा पदाधिकारी समितिले तोकेको रकमबाट अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले खर्च व्यवस्थापन गर्नेछ।

viii. यस क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई स्नातकोत्तर तहको पाठ्यक्रमले निर्दिष्ट गरेअनुसारको शोधकार्य गर्नका लागि निर्दिष्ट शैक्षिक सत्र भित्रमा शोधकार्य सम्पन्न गर्ने विद्यार्थीहरूका लागि शोधपत्रको प्रस्तावना र शोधकार्यको गुणस्तर, मौलिकता गहनता, विषयबस्तु र शुद्धताका आधारमा एम. एड. तहका लागि ३ जना छात्रा तथा ३ जना छात्र र एम. बि. एस. तहका लागि ३ जना छात्रा तथा ३ जना छात्र गरी जम्मा १२ जना विद्यार्थीहरूलाई प्रति शोधकार्य रु. १५,०००/- का दरले "शोधपत्र प्रोत्साहन कार्यक्रम" अन्तर्गत रकम विनियोजन गरिएको छ। यसका लागि सम्बन्धित विभागको रायसल्लाह र समन्वयमा अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले आवश्यक व्यवस्थापन गर्नेछ।

ix. अनुसन्धानका क्षेत्रमा विनियोजित रकम मध्ये कम्तिमा ६० प्रतिसत अनुसन्धान, आर्टिकल लेखन, लेखक प्रोत्साहन तथा क्षमता अभिवृद्धि, सर्भे, जर्नल प्रकाशन, अनुसन्धानमा आधारित सम्पादित

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

पुस्तक प्रकाशन र शोधप्रवन्ध प्रोत्साहनमा प्रयोग गरिनेछ र बढिमा ४० प्रतिसत रकम विज्ञ व्यवस्थापन, अनुगमन, परामर्श र अभिलेखीकरणमा खर्च गरिने छ।

x. क्याम्पससँग सम्झौता भएका विभिन्न विश्वविद्यालयहरूः भारतको आसाम डाउन टाउन युनिभर्सिटी, बङ्गलादेशका Daffodil lnstitute of Engineering Technology, Daffodil Polytechnic Institute र University of Information Technolory and Sciences (UITS) तथा काठमाडौं विश्वविद्यालय जस्ता विश्वविद्यालय/सङ्घ/संस्थाहरूसँगको सहकार्यमा विभिन्न Collaborative Research सञ्चालन गर्न आवश्यक पर्ने अनुमानित रकम अनुसन्धान शीर्षकमा छुट्याइएको छ।

(म) तालिम, सेमिनार, गोष्ठि, छलफल, कार्यशाला, सम्मेलन अन्तर्क्रिया, अभिमुखीकरण अन्तर्गत देहायका कार्य गर्न रकम विनियोजन गरिएको छ।

i. विश्वविद्यालय अनुदान आयोगमा प्रस्तावना पेस गरी २ ओटा ५/५ दिने क्षमता विकास तालिम सञ्चालन गरिने छ।

ii. रणनीतिक योजना २०२१-२०२५ को मध्यावधी समिक्षाका लागि सरोकारवालाहरूसँगको छलफल तथा अन्तरकृया सञ्चालन गरिने छ।

iii. क्याम्पसमा Labour Market Driven Program को सञ्चालन, त्यसका लागि पूर्वाधार निर्माण, त्यस्ता कार्यक्रमको अध्ययन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

iv. क्याम्पसबाट उत्पादन हुने विद्यार्थीहरूका लागि श्रम बजारको खोजी गर्न र स्थापन सेवा प्रदान गर्न Labour Market Survey गर्ने।

v. विद्यार्थी भर्ना दर अभिवृद्दि गर्न, विद्यार्थी पास आउट वृद्दि गर्न, ड्रप आउट घटाउन, पाठ्यक्रम केन्द्रित छलफल र अन्तर्क्रिया गर्ने।

vi. Disater Management Training, Climate management Training, Social awareness program and Workshop, Training for good governance जस्ता विषयसँग सम्बन्धित मुद्दाहरूमा छलफल, अन्तर्क्रिया, सम्मेलन, गोष्ठि, सेमिनार सञ्चालन र त्यसको अभिलेखीकरण गर्ने।

vii. क्याम्पसको आन्तरिक स्रोतबाट यस आ.व.मा एउटा ३ दिने अन्तर्राष्ट्रिय सम्मेलन सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

viii. लैङ्गिक, अपाङ्गता, दलित, आदिवाशी, अल्पसङ्ख्यक र वौद्धिक असक्षमता भएका विद्यार्थीहरूका लागि समतामूलक कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने।

ix. यसका अतिरिक्त पाठ्यक्रम अभिमुखीकरण, शोधपत्र लेखन अभिमुखीकरण, आइसीटी तालिम, पुस्तकालय तथा सफ्टवेयर, बैङ्किङ्, उद्धमी संवाद जस्ता विषयमा छलफल, तालिम तथा सेमिनार सञ्चालन गर्न आवश्यक रकमसमेत यसै उपशीर्षकमा विनियोजन गरिएको छ।

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

**(३) प्रकाशन खर्च**

यस बजेट शीर्षक अन्तर्गत अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर, बुलेटिन, प्रोस्पेक्टस, प्रतिवेदन, सुकुना संदेश आदिको प्रकाशनका लागि आवश्यक अनुमानित रकम विनियोजन गरिएको छ।

यसका साथै जर्नल प्रकाशन अन्तर्गत अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) बाट प्रकाशन गरिने Peer Reviewed अन्तरविषयक जर्नल तथा विशेषाङ्क जर्नलका लागि आवश्यक अनुमानित रकम विनियोजन गरिएको छ।

यसरी कुल सञ्चालन खर्च कुल आम्दानीको ६२.५२ प्रतिसत रहेको छ।

## ३. भुक्तानी गर्नुपर्ने दायित्व

यस शीर्षक अन्तर्गत क्याम्पसले यस वर्ष भुक्तानी दिनु पर्ने दायीत्वको रकम विनियोजन गरिएको छ। उक्त शीर्षकमा हुने खर्चलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ९: भुक्तानी दिनुपर्ने दायित्व (आ.व.२०८१/०८२)**

| | | | | |
|---|---|---|---|---|
| **१** | **भुक्तानी गर्नुपर्ने बाँकी** | **१२,९०,३१८.००** | **१२,९०,३१८.००** | **२६,४४,२२७.१४** |
| | ले.प.शुल्क | ६७,८०० | ६७,८०० | ५६,५०० |
| | दिनुपर्ने तलव भत्ता, उपादान | ०.०० | ०.०० | १२,५७,२५१.०० |
| | आय तथा अन्य कर | १०,९५,३६३.०० | १०,९५,३६३.०० | १०,६४,१३४.१४ |
| | निर्माण/खरिद सम्बन्धी दायित्व | ०.०० | ०.०० | ०.०० |
| | प्राध्यापक कर्मचारी कल्याणकोष | ०.०० | ०.०० | ०.०० |
| | अभ्यास शिक्षण/परीक्षा धरौटी | ०.०० | ०.०० | ०.०० |
| | अन्य धरौटी तथा दायित्व | ७९,३५५.०० | ७९,३५५.०० | २,२२,७४२.०० |
| | बचत बुद्धिकोष र प्राध्यापक कोष | ४७,८००.०० | ४७,८००.०० | ४३,६००.०० |

## ४. धरौटी खर्च

यस शीर्षकमा विद्यार्थीहरूबाट प्राप्त हुने त्रि.वि. दर्ता शुल्क, त्रि.वि. परीक्षा शुल्क, त्रि.वि. सम्बन्धन शुल्क, स्व.वि.यु. शुल्क आदिजस्ता शुल्कहरू भुक्तानी गर्न लाग्ने रकम र पुस्तकालय तथा प्रयोगशाला धरौटी वापत यस वर्ष भुक्तानी गरिने रकम रू. ८७,७७,४३०/- भुक्तानी गरिने छ। यसरी भुक्तानी गरी बाँकी रहने रकम रू. ६,६२,०००/- क्याम्पसकोषमा बचतका रूपमा रहने छ। धरौटी आम्दानी तथा खर्चको विवरण अनुसूची ५ मा प्रस्तुत गरिएको छ।

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

## ५. क्याम्पस कोष

माथिको समष्टिगत आम्दानी तालिका १ र समष्टिगत खर्च तालिका ६ का आधारमा प्राप्त हुने अनुमानित आम्दानीबाट विनियोजित खर्च घटाउँदा यस आ.व. मा **रु. १,१६,८७,२४८/८३** बचत हुन गई क्याम्पस कोषमा रहने छ। यसका साथै धरौटी तर्फको बचत हुने रू. ६,६२,०००/- समेत धरौटी कोषमा रकम जम्मा गरिने छ।

शिक्षक तथा कर्मचारीको उपादानको दायित्व क्रमशः घटाउँदै जाने नीतिअनुसार हरेक वर्ष

बचत हुने क्याम्पस कोषबाट कट्टा गरी २०८२ बैशाखदेखि सञ्चालक समितिले निर्णय गरी उपादनको रकम नागरिक लगानीकोष वा सामाजिक सुरक्षाकोष वा वित्तीय संस्थामा मासिक रूपमा निश्चित रकमका दरले जम्मा गरिदिने नीति अवलम्बन गरिने छ।

**६. मुद्दति अवस्था**

यस क्याम्पसको सञ्चालनबाट बचत भएको रकमलाई प्रत्येक आर्थिक वर्षको अन्त्यमा मुद्दति खाता खोली क्याम्पस कोषका रुपमा व्यवस्थापन गर्ने गरिएको छ। यस्तो मुद्दति खातामा हालसम्म (क) क्याम्पसको आफ्नै आम्दानी र क्याम्पसको रजत महोत्सवका अवसरमा प्राप्त भएको चन्दाबाट रू. ७,३७,००,०००/-, (ख) विश्वविद्यालय अनुदान आयोगको कार्यसम्पादन अनुदानको २० प्रतिसत रकमबाट रू. ४७,६९,०००/- र (ग) दाताहरूबाट प्राप्त छात्रवृत्ति अक्षय कोष रकमबाट रू. ५८,४२,५८७/- समेत गरी विभिन्न बैङ्कमा २०८१ असार मसान्तसम्मा **रु. ८,४३,११,५८७/-** मुद्दति खातामा मौज्दात रहेको छ। उल्लिखित मुद्दति हिसावमा आ.व. २०७९/०८१ को लेखापरीक्षण प्रतिवेदनमा देखाइएको धरौटी हिसाव रू. १,६२,०६,६९४/- समेत समावेश छ। उक्त रकम धरौटी हिसाव भएता पनि तोकिएको सबै धरौटी फिर्ता हुँदैन। बीचैमा कक्षा वा तह छाडी (Drop Out) हुने विद्यार्थीहरू यकिन गरी त्यस्तो धरौटीलाई सञ्चालक समितिबाट निर्णय गरी धरौटी दायित्वबाट हटाउनु पर्ने देखिन्छ। बचतको अवस्था हेरी आगामी दिनहरूमा पनि मुद्दति खातामा रकम वृद्धि गर्दै जाने नीति अवलम्बन गरिने छ।

**६. सुझावहरू**

माथि उल्लेख गरिएका तालिका , तालिकाहरूको विश्लेषण र बजेट पुस्तिकामा संलग्न गरिएका अनुसूचीहरूका आधारमा क्याम्पस सञ्चालक समिति समक्ष देहायका सुझावहरू प्रस्तुत गरिएको छः

(१)शिक्षक तथा कर्मचारीको उपादानको दायित्व क्रमशः घटाउँदै जाने नीति तर्जुमा र कार्यान्वयन गरी क्याम्पसको दायित्वको भार घटाउँदै लानु उपयुक्त हुन्छ।

(२) ड्रप आउट भएका विद्यार्थीहरूको पहिचान गरी त्यस्ता विद्यार्थीहरूको भुक्तानी गर्नु नपर्ने धरौटीलाई धरौटी दायित्वबाट हटाउनु उपयुक्त हुन्छ।

(३)क्याम्पसका शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रयोजनका लागि शिक्षक तथा कर्मचारी नियमावली २०८१ लागु भइसकेको हुँदा त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्ने देखिन्छ।

(४)शिक्षकहरूको सङ्कायगत, विभागगत, विषयगत र कर्मचारीहरूको फाँटगत दरबन्दी कायम गरी मानव स्रोतको व्यवस्थापन गर्ने र आवधिक रुपमा दरबन्दीको पुनरावलोकन गरी सोहि आधारमा दरबन्दी निर्धारण तथा शिक्षक/कर्मचारीको नियुक्ति, स्थायी, बढुवा, करार, सिफ्टअन्तर सरुवा गर्नु गराउनु पर्ने देखिन्छ।

(५)क्याम्पसको दिगो विकासका लागि आम्दानीका वैकल्पिक स्रोतहरूको खोजीगरी त्यको सुनिश्चितता कायम गर्नु पर्ने देखिन्छ।

**अर्जुनराज अधिकारी**
**क्याम्पस प्रमुख**



सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

**अध्यक्ष**
**क्याम्पस सञ्चालक समिति**

(६)क्याम्पसको वित्तिय अनुशासन , पारदर्शिता र जवाफदेहिता कायम गर्न आर्थिक प्रशासन सम्बन्धी नियमावली २०८० लागु भइसकेको हुँदा त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्ने देखिन्छ ।

(७) क्याम्पसको ख्याति , प्रभाव र आर्थिक अभिवृद्धिका लागि प्रविधिक , व्यावसायिक र सिपमूलक जनशक्ति उत्पादन गर्न सकिने धारका विषयहरूको सम्बन्धन लिई सञ्चालन गर्नुपर्ने देखिन्छ ।

(८)यस क्याम्पसको पूर्वविद्यार्थी समाजलाई प्रभावकारी रुपमा सञ्चालन गरी क्याम्पसको दिगो विकासमा पूर्वविद्यार्थीहरूलाई सक्रिय सहभागि गराउनुपर्ने देखिन्छ ।

धन्यवाद!!!

बजेट मस्यौदा समिति २०८१
सुकुना बहुमुखी क्याम्पस,
सुन्दरहरैँचा, मोरङ ।
मितिः २०८१/०५/१३ गते ।

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा नगरपालिका, मोरङ
स्था. २०४५

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

अनुसूची- १: मिति २०८१/०४/०१ देखि लागू भएको तलवमान

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

| क्र.सं. | विवरण | तलव स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा | महंगी भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | **पूर्णकालीन प्राध्यापक तर्फ** | | | | | | |
| १ | सह प्राध्यापक | ५६७८७ | ७ | १८९३ | ७००३८ | १००० | प्रति महिना |
| २ | उप प्राध्यापक | ४८७३७ | ८ | १६२५ | ६१७३७ | १००० | प्रति महिना |
| ३ | शिक्षण सहायक | ४३६८९ | ८ | १४५६ | ५५३३७ | १००० | प्रति महिना |
| | **पूर्णकालीन कर्मचारी तर्फ** | | | | | | |
| ४ | शाखा अधिकृत | ४३६८९ | ८ | १४५६ | ५५३३७ | १००० | प्रति महिना |
| ५ | नायव सुब्बा | ३४७३० | १० | ११५८ | ४६३१० | १००० | प्रति महिना |
| ६ | खरिदार | ३२९०२ | १० | १०९७ | ४३८७२ | १००० | प्रति महिना |
| ७ | कार्यालय सहयोगी (द्धितिय तह) | २६०८२ | २ | ८६९ | २७८२० | १००० | प्रति महिना |
| ८ | कार्यालय सहयोगी (प्रथम तह) | २४७०२ | २ | ८२३ | २६३४८ | १००० | प्रति महिना |
| ९ | चालक | २९७२८ | २ | ९९१ | ३१७१० | १००० | प्रति महिना |
| १० | सहचालक | १६५०० | ० | ० | १६५०० | ० | प्रति महिना |
| | **स्वीपर, मेहत्तर र माली तर्फ** | | | | | | |
| ११ | स्वीपर | ८९०० | ० | ० | ८९०० | ० | प्रति महिना |
| १२ | मेहत्तर | १६७५० | ० | ० | १६७५० | ० | प्रति महिना |
| १३ | माली | १६५२० | ० | ० | १६५२० | ० | प्रति महिना |
| १४ | प्रतिचौकिदार (प्रतिसुरक्षागार्ड) | १८४८० | ० | ० | १८४८० | ० | प्रति महिना |
| | **कोर्ष करार प्राध्यापक तर्फ** | | | | | | |
| १५ | दुई घण्टीसम्म कोर्स करार (विज्ञान बाहेक) प्रतिघण्टी ९०५१ × २ घण्टी = १८१०२/- | १८१०२ | ० | ० | १८१०२ | ० | प्रति महिना |
| १६ | स्नातक मासिक करार (विज्ञान बाहेक) | ८०८५ | ० | ० | ८०८५ | ० | प्रति महिना |
| १७ | स्नातक मासिक/विषय करार (बि.एड. विज्ञान) | ८१८० | ० | ० | ८१८० | ० | प्रति महिना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | स्नातक कोर्ष करार (बि.एड. विज्ञान) | ११५२९ | ० | ० | ११५२९ | ० | प्रति महिना |
| १९ | बि.एस्सी करार साप्ताहिक ६ घण्टी (दर) | ११५२९ | ० | ० | ११५२९ | ० | प्रति महिना |
| २० | आइसिटी करार (पुरानो १ जनाको मात्र) | १०२२० | ० | ० | १०२२० | ० | प्रति महिना |
| २१ | आइसिटी करार (सिमेष्टर, नयाँ) ८०/६४ WL एकमुष्ठ | ६५१०० | ० | ० | ६५१०० | ० | प्रति सिमेष्टर |
| २२ | आइसिटी करार (सिमेष्टर, नयाँ) ४८ WL एकमुष्ठ | ५४६०० | ० | ० | ५४६०० | ० | प्रति सिमेष्टर |
| २३ | बी.बी.ए. प्रति ३ क्रेडिट आवर (एकमुष्ठ) | ७८७५० | ० | ० | ७८७५० | ० | प्रति सिमेष्टर |
| २४ | स्नातकोत्तर तह सिमेष्टर (एम एड र एमबीएस) | ६३००० | ० | ० | ६३००० | ० | प्रति सिमेष्टर |
| २५ | अंशकालीन प्रति पिरियड | ४३९ | ० | ० | ४३९ | ० | प्रति दिन |
| | **अंशकालीन करार तर्फ** | | | | | | |
| २६ | अंशकालीन सहप्राध्यापक साप्ताहिक ६ घण्टी | १७७१५ | ० | ० | १७७१५ | ० | प्रति महिना |
| २७ | अंशकालीन उपप्राध्यापक साप्ताहिक ६ घण्टी (क) | १७७१५ | ० | ० | १७७१५ | ० | प्रति महिना |
| २८ | अंशकालीन उपप्राध्यापक साप्ताहिक ६ घण्टी (ख) | १६७८१ | ० | ० | १६७८१ | ० | प्रति महिना |
| २९ | अंशकालीन शिक्षण सहायक साप्ताहिक ६ घण्टी | १५८८१ | ० | ० | १५८८१ | ० | प्रति महिना |
| ३० | अंशकालीन शिक्षण सहायक साप्ताहिक ६ घण्टी | १५०४५ | ० | ० | १५०४५ | ० | प्रति महिना |
| ३१ | पूर्णकालीन शिक्षकको समान सिफ्टको अतिरिक्त ५० पूर्णाङ्क | २८५९० | ० | ० | २८५९० | वार्षिक एकमुष्ठ | |

नोट : माथि उल्लेखित अंशकालीन सहप्राध्यापक, उपप्राध्यापक र शिक्षण सहायकको साप्ताहिक ६ घण्टी देखि २१ घण्टी सम्मको शिक्षणका लागि अनुसूची १ को क्र.सं. **२६** देखि **३०** नं. सम्म उल्लेखित दरको दामासाहिले हुन आउने रकम भुक्तानी गरिनेछ र सोहि सिफ्टमा साप्ताहिक २१ घण्टी भन्दा माथिको शिक्षणका लागि पूर्णकालीन शिक्षकको एउटै सिफ्टमा अतिरिक्त घण्टी शिक्षण गरेवापत पाउने पारिश्रमिक बराबरको रकम भुक्तानी गरिनेछ ।

**अर्जुनराज अधिकारी**
**क्याम्पस प्रमुख**

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

**अध्यक्ष**
**क्याम्पस सञ्चालक समिति**

## अनुसूची- २: विद्यार्थी शुल्क आम्दानीको समष्टिगत विवरण

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख

अध्यक्ष
क्याम्पस सञ्चालक समिति

| सि.नं. | बिवरण | अनुसूची २, पाना १ | अनुसूची २, पाना २ | अनुसूची २, पाना ३ | अनुसूची २, पाना ४ | अनुसूची २, पाना ५ | अनुसूची २, पाना ६ | अनुसूची २, पाना ७ | अनुसूची २, पाना ८ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **विद्यार्थी स[illegible]ख्या** | **५४०** | **५०८** | **१,६५४** | **५८४** | **२५६** | **२३१** | **३१७** | **४२७** | **४,५१७** | |
| १ | प्रवेश शुल्क | ८७२००० | ७६२००० | २४८१००० | १३६४००० | १८६००० | ० | ० | ० | **५६६५०००** | |
| २ | शिक्षण शुल्क | ४३९१४०० | ७३१५२०० | २६६१६००० | ११२३६८०० | ६६०४८०० | १७७१८००० | १६१६०००० | १०६७५००० | **१००७१७२००** | ☐ |
| ३ | पुस्तकालय शुल्क | ३०१००० | २५४००० | ८२७००० | ५३६००० | ६२००० | ० | ० | ० | **१९८००००** | |
| ४ | पुस्तकालय धरौटी | ० | १८६००० | ५६१००० | १२०००० | ० | ० | ० | ० | **८६७०००** | |
| ५ | विद्यार्थीकल्याण शुल्क | १६८२०० | १५२४०० | ४९६२०० | २२४००० | ३७२०० | ० | ० | ० | **१०७८०००** | |
| ६ | भौतिक सुधार शुल्क | २७६२०० | २५४००० | ८२७००० | ३४०८०० | ६२००० | ० | ० | ० | **१७६००००** | |
| ७ | खेलकुद शुल्क | १०१८०० | १०१६०० | ३३०८०० | ६८००० | २४८०० | ० | ० | ० | **६२७०००** | |
| ८ | युनियन शुल्क | ५४००० | ५०८०० | १६५४०० | ५८४०० | १२४०० | ० | ० | ० | **३४१०००** | |
| ९ | त्रि.वि.सम्बन्धन शुल्क | ६७५९०० | ६०९६०० | १९८४८०० | ९२०४०० | १४८८०० | ० | ० | ० | **४३३९५००** | ☐ |
| १० | विविध शुल्क | ३४४८०० | ३३०२०० | १०७५१०० | ३३०८०० | ८०६०० | ० | ० | ० | **२१६१५००** | |
| ११ | स्वास्थ्य सेवा शुल्क | ५४००० | ५०८०० | १६५४०० | ५८४०० | २५६०० | २३१०० | ३१७०० | ४२७०० | **४५१७००** | |
| १२ | आन्तरिक परीक्षा | ४८९१०० | ४५७२०० | १४८८६०० | ५५०००० | १११६०० | ० | ० | ० | **३०९६५००** | |
| १३ | पूजा सहयोग | २७००० | २५४०० | ८२७०० | २९२०० | ६२०० | ० | ० | ० | **१७०५००** | |
| १४ | अ. शि., प्राक्टिकम् | ० | २६०१०० | ० | ० | ८१६०० | ० | ० | ० | **३४१७००** | |
| १५ | अनुसन्धान शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** | |
| १६ | प्रयोगशाला शुल्क | २३५००० | ० | ० | १३००००० | २४८००० | ० | ० | ० | **१७८३०००** | |
| १७ | प्रयोगशाला धरौटी | ० | ० | ० | १६०००० | ० | ० | ० | ० | **१६००००** | |
| १८ | प्रयोगात्मक शुल्क | १८१००० | ३१२५०० | ४०५००० | ५८९००० | ४२०००० | ० | ० | ० | **१९०७५००** | |
| १९ | शोधपत्र | ० | ० | ० | ० | ० | ० | ० | ५२५००० | **५२५०००** | |
| २० | त्रि.वि. परीक्षा शुल्क | ३३४५३० | ३२००४० | १०४२०२० | ३६७९२० | ४०८१२० | ७०९५०० | ९७९५०० | ६४०५०० | **४८०२१३०** | |
| २१ | त्रि.वि. परीक्षा विविध | १९६४७० | १८७९६० | ६११९८० | २१६०८० | १६५४८० | ८४००० | ६५००० | ४२७००० | **१९५३९७०** | |
| २२ | त्रि.वि.प्रयोगात्मक | ० | ४२१५० | ५७७५० | ६००० | ११४०० | ० | ० | ० | **११७३००** | |
| २५ | त्रि.वि. दर्ता शुल्क | ० | ९३००० | २८०५०० | ६०००० | १८००० | ३३००० | २५०० | ० | **४८७०००** | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | त्रि.वि. दर्ता विविध | ० | ३७२०० | ११२२०० | २४००० | ७२०० | १३२०० | १००० | ० | **१९४८००** | |
| २७ | आइडि कार्ड शुल्क | ५४००० | ५०८०० | १६५४०० | ५८४०० | २५६०० | २३१०० | ३१७०० | ४२७०० | **४५१७००** | |
| २८ | **प्र.** आवेदन फाराम | ० | ९३००० | २८०५०० | १००००० | ० | ० | ० | १३५००० | **६०८५००** | |
| | **जम्मा** | ८७५६४०० | ११९४५९५० | ४००५६३५० | १८७१८२०० | ८७४७४०० | १८६०३९०० | १७२७१४०० | १२४८७९०० | १३६५८७५०० | |
| २९ | आँशिक परीक्षा शुल्क | ० | ६३००० | ६९३०० | ६३००० | २५२०० | ३७५०० | ३७५०० | ३०००० | **३२५५००** | |
| ३० | आँशिक परीक्षा विविध | ० | ३७००० | ४०७०० | ३७००० | १४८०० | १५००० | २५००० | २०००० | **१८९५००** | |
